शोध निर्देशक
भानु घिमिरे

# युवराज नयाँघरेका 'एक हातको ताली' निबन्धसङ्ग्रहको वैचारिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली
विभागको स्नातकोत्तर दोस्रो वर्षको
दसौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
सुमित्रा राई
त्रिभुवन विश्वविद्यालय,
रत्नराज्यलक्ष्मी क्याम्पस
प्रदर्शनीमार्ग, काठमाडौँ
२०७०

# शोध निर्देशकको मन्तव्य

रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग, स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि विद्यार्थी सुश्री सुमित्रा राईले **युवराज नयाँघरेको 'एक हातको ताली' निबन्धसङ्ग्रहको वैचारिक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार गर्नु भएको हो । अध्ययनको प्रकृति र विषयको सीमाबाट निरूपण गर्दा शोधकार्य मूल्याङ्कनका निम्ति प्रस्तुत गर्न उपयुक्त देखिएकाले सम्बन्धित विभाग समक्ष पेश गर्न सिफारिस गर्दछु ।

मिति : २०७०।२।६

.........................

श्री भानु घिमिरे

# त्रिभुवन विश्वविद्यालय

# रत्नराज्यलक्ष्मी क्याम्पस

# प्रदर्शनी मार्ग

मिति :२०७०/२/६

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यलय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत, रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली विभागकी छात्रा सुमित्रा राईले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको **युवराज नयाँघरेको 'एक हातको ताली' निबन्धसङ्ग्रहको वैचारिक अध्ययन** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. सह-प्रा.डा.रामप्रसाद ज्ञवाली (विभागीय प्रमुख) | ................................ |
| २. श्री भानु घिमिरे (शोधनिर्देशक) | ................................ |
| ३. तुलसी प्रसाद गौतम............... (बाह्य परीक्षक). | ................................ |

# कृतज्ञता ज्ञापन

प्रस्तुत **'एक हातको ताली' निबन्धसङ्ग्रहको वैचारिक अध्ययन** शोधपत्र त्रि.वि.मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पारिएको हो । यो शोधपत्र मैले श्रद्धेय गुरु श्री भानु घिमिरेज्यूका कुशल निर्देशनमा तयार पारेकी हुँ । शोधपत्र तयार पार्दा उपयुक्त सल्लाह र सहयोग प्रदान गर्नु भई अगाडि बढ्न प्रेरित गराउनु हुने आदरणीय गुरूप्रति म कृतज्ञता प्रकट गर्दछु ।

शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी शोधपत्र लेख्ने सु-अवसर प्रदान गर्नुहुने नेपाली विभागका तत्कालीन विभागीय प्रमुख श्रद्धेय गुरु सह-प्राध्यापक श्री तुलसीमान श्रेष्ठप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै हाल विभागिय प्रमुख रामप्रसाद ज्ञवाली आफ्नो अमूल्य कृतिलाई शोध अध्ययनका लागि अनुमति दिनुका साथै आवश्यकताअनुसार सहयोग प्रदान गर्नु हुने लेखक युवराज नयाँघरेप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यो शोधपत्र सम्बन्धी समस्याहरूलाई समाधानमुखी भएर सल्लाह दिनुहुने नेपाली विभागका सम्पूर्ण श्रद्धेय गुरुहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा विविध स्रोत सामग्री उपलब्ध गराई सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय, रत्नराज्यलक्ष्मी क्याम्पस पुस्तकालयलाई हार्दिक धन्यवाद दिन्छु ।

यसैगरी मेरा अध्ययनलाई यस तहसम्म पुऱ्याई अमूल्य योगदान गर्नुहुने मेरा पूज्य बाबा विक्रम राई र आमा उमादेवी राईप्रति म सदैव ऋणी रहेकी छु । साथै यस शोधकार्यका लागि सहयोग गर्नुहुने प्रिय मित्रहरू राजन पोखरेल, मञ्जिता राई, अजिता लामा, सविता राई, नन्दकुमार राई, प्रमिला राई, उज्ज्वल राई, सङ्गीता राई, पवित्रा अधिकारी, ऋतु दाहाल उहाँहरूप्रति पनि म आभारी छु ।

शोधपत्रको पाण्डुलिपिलाई छिटो-छरितो र शुद्धसँग टङ्कन गरी सहयोग गरिदिनु हुने प्राञ्जल बुक्स एन्ड स्टेसनरीकी इन्दु पाण्डेयप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मिति : २०७०।२।६

........................

सुमित्रा राई

रत्नराज्यलक्ष्मी क्याम्पस

# विषय-सूची

## परिच्छेद-एक

## शोधप्रस्ताव


| | | पृष्ठ |
|---|---|---|
| १.१ | विषय परिचय | १ |
| १.२ | समस्याकथन | १ |
| १.३ | शोधकार्यको उद्देश्य | २ |
| १.४ | पूर्वकार्यको समीक्षा | २ |
| १.४ | अध्ययनको औचित्य | ३ |
| १.५ | शोधकार्यको सीमाङ्कन | ४ |
| १.६ | शोधविधि | ४ |
| १.७ | शोधपत्रको रूपरेखा | ४ |


परिच्छेद-दुई

## नयाँघरेको सङ्क्षिप्त परिचय


| | | |
|---|---|---|
| २.१ | युवराज नयाँघरेको जीवनी र व्यक्तित्व | ५ |
| | २.१.१ जन्म र जन्मस्थान | ५ |
| | २.१.२ शिक्षा | ५ |
| | २.१.३ साहित्यिक प्रेरणा | ५ |
| | २.१.४ साहित्यिक व्यक्तित्व | ६ |
| | २.१.५ साहित्यिक तथा बौद्धिक सङघ-संस्थामा आवद्धता | ७ |
| | २.१.६ पुरस्कार तथा सम्मान | ८ |
| २.२ | साहित्यिक यात्रा | ९ |

२.३ विषयवस्तुका दृष्टिले नयाँघरेका निबन्धहरू १०
२.४ नयाँघरेका निबन्धगत यात्रा र चरण १०
२.५ आधुनिक नेपाली निबन्ध परम्परामा नयाँघरेको निबन्ध यात्रा र योगदान १२
२.६ युवराज नयाँघरेका निबन्धात्मक प्रवृत्ति योगदान र उपलब्धि १५
२.६.१ निबन्धात्मक प्रवृत्ति १५
२.६.२ प्रयोगवादी निबन्धकार १५
२.६.३ देशको सामाजिक भौगोलिक स्थितिको चित्रण १६
२.६.४ काव्यात्मक भाषाको प्रयोग १६
२.६.५ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको चित्रण १७
२.६.६ नियात्रापरक शैलीमा निबन्ध लेखन १८
२.६.७ नवीन शैलीका निबन्ध लेखन १८

परिच्छेद-तीन

**एक हातको ताली निबन्धसङ्ग्रहको वैचारिक अध्ययन २०**

३.१ सामाजिक विषयवस्तुमा लेखिएका निबन्धहरू २०
३.१.१ अठार हजार जाबो २०
३.१.१.१ निष्कर्ष २२
३.१.२ तिम्रो घरमा देउता २२
३.१.२.१ निष्कर्ष २३
३.१.३ पुलमुनिको घर २३
३.१.३.१ निष्कर्ष २५
३.१.४ सट्टापट्टा २५
३.१.४.१ निष्कर्ष २६
३.१.५ जिउँदाको कुरा काट्दै २६

| | | |
|---|---|---|
| | ३.१.५.१ निष्कर्ष | २७ |
| ३.१.६ | ध्वाँसोमुनि डेरिडा | २८ |
| | ३.१.६.१ निष्कर्ष | २९ |
| ३.१.७ | सडकस्वाद | ३० |
| | ३.१.७.१ निष्कर्ष | ३१ |
| ३.१.८ | चूराको छलाङ | ३२ |
| | ३.१.८.१ निष्कर्ष | ३२ |
| ३.१.९ | पैराको धावा | ३३ |
| | ३.१.९.१ निष्कर्ष | ३४ |
| ३.१.१० | जयमाया अर्थात् नेपालीहरू | ३४ |
| | ३.१.१०.१ निष्कर्ष | ३५ |
| ३.१.११ | सुनचराको दान दिए | ३५ |
| | ३.१.११.१ निष्कर्ष | ३६ |
| ३.१.१२ | धने बौलाहा र डिस्को | ३७ |
| | ३.१.१२.१ निष्कर्ष | ३७ |
| ३.१.१३ | बाढी र बाउन्ने बुद्धिजीवी | ३८ |
| | ३.१.१३.१ निष्कर्ष | ३८ |
| ३.१.१४ | किरियाबाजको दैनिकी | ३९ |
| | ३.१.१४.१ निष्कर्ष | ३९ |
| ३.१.१५ | प्रलयको नाम होइन सुनामी | ३९ |
| | ३.१.१५.१ निष्कर्ष | ४० |
| ३.१.१६ | एक भञ्ज्याङ पीर | ४१ |
| | ३.१.१६.१ निष्कर्ष | ४२ |

३.१.१७ शर्मीला पार्कर र धानबारी ४२
३.१.१७.१ निष्कर्ष ४३
३.२ राजनीतिक विषयवस्तुमा लेखिएका निबन्धहरू ४३
३.२.१ भेटौंला कर्फ्यूमा ४३
३.२.१.१ निष्कर्ष ४४
३.२.२ कोत पर्वको दर्शन ४४
३.२.२.१ निष्कर्ष ४५
३.२.३ एक हातको ताली ४५
३.२.३.१ निष्कर्ष ४६
३.२.४ टाउको पर्वको स्रोता ४७
३.२.४.१ निष्कर्ष ४७
३.३ सांस्कृतिक विषयवस्तुमा लेखिएका निबन्धहरू ४८
३.३.१ धराहरामा लेफराइट ४८
३.३.१.१ निष्कर्ष ४९
३.३.२ कोरसमा एउटा स्वर ४९
३.३.२.१ निष्कर्ष ५०
३.४ नयाँघरेका समग्र निबन्धहरूको निष्कर्ष ५०

परिच्छेद-चार

**उपसंहार**

४.१ उपसंहार ५५
सन्दर्भग्रन्थ सूची ६१

# परिच्छेद-एक

# शोधपरिचय

## १.१ विषय परिचय

निबन्धकार युवराज नयाँघरे (जन्म वि.सं. २०२६, इलाम) नेपाली साहित्यका सशक्त प्रतिभा हुन् । नयाँघरेले साहित्यका विभिन्न विधामा कलम चलाएको पाइन्छ । तीमध्ये उनको विशेष अभिरूचि निबन्ध विधामा रहेको पाइन्छ । मिर्मिरे पत्रिकामा 'शब्दचित्र' निबन्ध लेखी अगाडि बढेका नयाँघरे कविता, कथा हुँदै निबन्ध लेखनमा प्रवृत्त भएको देखिन्छ । वि.सं. २०४५ देखि निबन्ध लेखनमा प्रवृत्त भएका नयाँघरेको विभिन्न विषयसँग सम्बद्ध नौवटा निबन्धसङ्ग्रह र दुई वटा नियात्रा सङ्ग्रह प्रकाशित भएका छन् । साथै विभिन्न पत्रपत्रिकाहरूमा समय-समयमा उनका निबन्धहरू पनि प्रकाशित भइरहेका छन् ।

सामाजिक विकृति, विसङ्गति, असमानता आदिको सजीव चित्रण गर्ने यिनका निबन्धहरूमा सामाजिक, राजनीतिक, प्रकृति, नारी, आदि विविध विषयको प्रस्तुति पाइन्छ । ठेट नेपाली भाषाको संरक्षण गर्दै बढ्दो पश्चिमी सभ्यताप्रति असहमति व्यक्त गरेका यिनका निबन्धहरूमा पूर्वीय सभ्यता र संस्कृतिको निष्ठा व्यक्त भएको पाइन्छ । वैचारिक गाम्भीर्य पाइने यिनका निबन्धहरूका बारेमा विभिन्न विद्वान्हरूबाट छिटफुट चर्चा-परिचर्चा गरिएको पाइन्छ । छिटफुट रूपमा केही पत्रपत्रिकाहरूमा चर्चा गरिए पनि वैचारिक अध्ययनका बारेमा हालसम्म शोधकार्य हुन नसकेको परिप्रेक्ष्यमा यस शोधकार्यमा निबन्धको आधारमा युवराज नयाँघरेको 'एक हातको ताली' निबन्धसङ्ग्रहको वैचारिक अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

नेपाली साहित्यका बहुमुखी प्रतिभा युवराज नयाँघरे र उनका निबन्धका बारेमा विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा विभिन्न लेखकहरूले सामान्य टिप्पणी गरेका भए तापनि उनको निबन्धको वैचारिक अध्ययन हालसम्म हुन सकेको देखिँदैन । त्यसैले प्रस्तुत शोधपत्रमा युवराज

नयाँघरेको 'एक हातको ताली' निबन्धसङ्ग्रहको वैचारिक अध्ययन यस शोधकार्यमा गर्नु प्रमुख समस्या रहेको छ भने यिनै समस्यासँग गाँसिएर निम्न समस्याहरू आएका छन् :-

(क) युवराज नयाँघरेको सङ्क्षिप्त जीवनी र व्यक्तित्व के-कस्तो रहेको छ ?

(ख) युवराज नयाँघरेका निबन्धात्मक प्रवृत्ति योगदान र उपलब्धिहरू के-कस्ता रहेका छन् ?

(ग) एक हातको ताली निबन्धसङ्ग्रहमा सङ्ग्रहित निबन्धहरूको वैचारिक अध्ययन के-कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूको समाधानार्थ यो शोधपत्र उन्मुख रहेको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य 'युवराज नयाँघरेको **'एक हातको ताली निबन्धसङ्ग्रहको वैचारिक अध्ययन'** रहेको छ । यही मूल उद्देश्यसँग सम्बन्धित निम्न उद्देश्यहरू यस शोधपत्रका रहेका छन् :-

(क) नयाँघरेको जीवनी र व्यक्तित्व पहिल्याउने ।

(ख) निबन्धकार नयाँघरेका मूलभूत प्रवृत्तिहरू ठम्याउने ।

(ग) एक हातको ताली निबन्धसङ्ग्रहमा सङ्ग्रहित निबन्धहरूको वैचारिक अध्ययन गर्ने ।

## १.४ पूर्वकार्यको समीक्षा

युवराज नयाँघरेको 'एक हातको ताली' निबन्धसङ्ग्रहको वैचारिक अध्ययनका बारेमा छुट्टै शोधपरक अध्ययन नभए पनि विभिन्न पुस्तक तथा पत्र-पत्रिकाहरूमा विभिन्न विद्वान्हरूले यस बारे समीक्षा वा टिप्पणी भने गरेको पायन्छ । यिनै पुस्तक तथा पत्रपत्रिकाहरूमा प्रकाशित नयाँघरेका बारेमा उल्लेख गरिएका विभिन्न टिप्पणीमूलक सूचनाहरू पूर्वकार्यका रूपमा यहाँ कालक्रमिक आधारमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

खगेन्द्रप्रसाद लुइटेल 'गरिमा' (वर्ष २१, अंक ११, २०६०) पत्रिकामा 'युवराज नयाँघरेको निबन्धकला शीर्षकको लेखमा युवा निबन्धकारहरूका बारेमा आशा लाग्दो अनुहार लिएर नेपाली निबन्धका फाँटमा देखा परेका निबन्धकारहरूमध्ये युवराज नयाँघरे पनि एक हुन् भनेका छन् ।

विभोर बरालले 'तन्नेरी डटकम' (वर्ष १ अङ्क ६, २०६६) पत्रिकामा 'एक हातको ताली' मा खँदिलो बाली लेखमा एक हातको तालीभित्र कुल २३ थान निबन्धहरूमा नयाँघरेको शाब्दिक चटक त खिपेर राखेका छन् नै तिनमा विषयगत विविधता र भावगत गाम्भीर्य र तिक्खरतालाई पनि उत्तिकै प्रखर रूपले उठाएका छन् । उनका निबन्धमा साङ्केतिक र काव्यिक बान्कीयुक्त शीर्षकले निबन्ध पाठकतर्फ खुलदुली पैदा गर्दै ढोका खोल्छन् भनिएको छ ।

अशोक थापाले 'पुस्तकालय आवाज' (वर्ष २ अङ्क ३,२०६६) पत्रिकामा 'एकै हातले ताली बजाए नयाँघरेले' शीर्षक समालोचना लेखमा हरेक निबन्धको सुरुवात चोटिलो वाक्यबाट गर्नु नयाँघरेको विशेषता हो । शब्दचयनमा चामत्कारिक देखिनु उनको निबन्धको सवाल पक्ष हो । भाषाको लहरीमा हुल्लेरी खेल्दै पाठकलाई साथसाथै तान्नमै उनको निबन्धात्मक सफलता अडिएको छ । सामाजिक व्यङ्ग्यमाथि सशक्त प्रहार गर्नमा उनी खप्पिस छन् । नयाँघरेको पुस्तुतिगत तीव्रता, भाषिक सवलताका पक्षमा अब्बल छन् भनेका छन् ।

डा.लक्ष्मणप्रसाद गौतमले 'एक हातको तालीमा चेतनाको पीडा' समालोचना भूमिकामा युवराज नयाँघरेको एक हातको ताली दार्शनिक चिन्तनले भरिएका निबन्धहरूको सङ्ग्रह होइन बरु यसमा निबन्ध मस्तिष्कले पढिने दर्शनलाई हृदयले पढिने बनाएको छ । दर्शन भनेको लेखकको विचार वा दृष्टिकोण हो; त्यसैले दर्शनविनाको कुनै रचना वा कृति हुँदैन । यस निबन्धमा कोरा दर्शन नभएर व्यावहारिक दर्शन मात्र पाइन्छ भनी उल्लेख गरेका छन् ।

ज्ञानेन्द्र विवशले 'मिर्मिरे' (वर्ष ३८, अङ्क ६, २०६६) पत्रिकामा 'निबन्धमा फड्को एक हातको ताली' शीर्षकको लेखमा लेखकीय भावनालाई शब्दको जोडघटाउमा कतै नचाउँदै कतै हँसाउँदै कतै संवेदित पार्दै एउटा ठोस आकार दिन सक्नु पनि पृथक सीपकै कुरा हो । यसमा नयाँघरेको प्रयत्न र प्रस्तुतिले फड्को मारेको छ भनेका छन् ।

## १.५ अध्ययनको औचित्य

नेपाली साहित्यका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका निबन्धकार युवराज नयाँघरेद्वारा गरिएका टिप्पणी समीक्षा तथा विवेचनाहरूले यसको अध्ययन हुन नसकेको परिप्रेक्ष्यमा पूर्ण अध्ययनका रूपमा तयार पारिने प्रस्तुत शोधपत्र औचित्यपूर्ण रहने छ । प्रस्तुत शोधपत्रबाट युवराज नयाँघरेको एक हातको ताली निबन्धसङ्ग्रहको वैचारिक अध्ययनका बारेमा जानकारी लिन चाहने

जिज्ञासु पाठकहरू लाभान्वित हुनेछन् । प्रस्तुत शोधपत्रले पुस्तकालयीय अध्ययन परम्पराको विकासमा पनि सहयोग पुऱ्याउनेछ । विश्लेषणात्मक रूपमा अध्ययन गरिने भएकाले प्रस्तुत शोधपत्र भावी शोधकर्ताहरूका लागि समेत उपयोगी रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी युवराज नयाँघरेले कविता, कथा, नियात्रा, निबन्ध आदि क्षेत्रमा कलम चलाएका छन् । यस शोधपत्रमा उनका अन्य साहित्यिक प्राप्ति अप्राप्तिको अध्ययन नगरी केवल उनीद्वारा लिखित 'एक हातको ताली' निबन्ध सङ्ग्रहको वैचारिक अध्ययन गरिएको छ । युवराज नयाँघरेका अन्य साहित्यिक विधालाई नसमेटेर उनका । 'एक हातको ताली' निबन्धसङ्ग्रहको अध्ययन र ती निबन्धहरूका वैचारिक अध्ययनलाई केन्द्रित गरिनु यस शोधपत्रको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्रको विषय वैचारिक अध्ययन भएकाले सामग्री सङ्कलनका लागि मुख्य रूपमा पुस्तकालयीय अध्ययन पद्धतिलाई अवलम्बन गरिएकोछ । साथै आवश्यकता अनुसार विषय विशेषज्ञहरू तथा स्वयम् निबन्धकार युवराज नयाँघरेसँग पनि सम्पर्क गरिएको छ । सङ्कलित सामग्रीहरूको प्रस्तुतीकरणमा वस्तुपरक, वर्णनात्मक र विश्लेषणात्मक अध्ययन पद्धति अपनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सुसङ्गठित रूप दिनका लागि चार परिच्छेद भित्रको मूल शीर्षकमा विभाजन गरी आवश्यकता अनुरूप उप-शीर्षक समेत राखेर अध्ययन गरिएको छ ।

**पहिलो परिच्छेद-** शोधपरिचय

**दोस्रो परिच्छेद-** युवराज नयाँघरेको सङ्क्षिप्त जीवनी र व्यक्तित्व

**तेस्रो परिच्छेद-** एक हातको ताली निबन्धसङ्ग्रहभित्रका निबन्धहरूको विश्लेषण

**चौथो परिच्छेद -** उपसंहार निष्कर्ष

**सन्दर्भग्रन्थ सूची**

# परिच्छेद-दुई
# नयाँघरेको सङ्क्षिप्त परिचय

## २.१ युवराज नयाँघरेको जीवनी र व्यक्तित्व

### २.१.१ जन्म र जन्मस्थान

युवराज नयाँघरेको जन्म वि.सं. २०२६ साल असोज १९ गते इलाम जिल्लाको शुक्रबारे गाउँमा भएको हो । उनी बुबा हरिहर सुवेदी र आमा तुलसा सुवेदीका साहिला सुपुत्र हुन् । उनका चारजना दाजुभाइ र तीन दिदीबहिनीहरू छन् (नयाँघरेबाट प्राप्त जानकारी) ।

### २.१.२ शिक्षा

उनी इलाममा जन्मे पनि उनको प्रारम्भिक शिक्षादीक्षा झापाबाट सुरु भयो । उनले झापा जिल्लाकै अलग-अलग विद्यालयबाट कक्षा आठसम्मको औपचारिक शिक्षा पूरा गरेका हुन् । कक्षा नौ र एस.एल.सी. सम्मको औपचारिक शिक्षाचाहिँ मोरङ जिल्लाको राधिका मा.वि.बाट गरेका हुन् । यसै क्रममा प्रमाणपत्रदेखि सबै उच्च शिक्षाचाहिँ काठमाडौँको विभिन्न कलेजबाट गरेका हुन् । प्रमाणपत्र तह पशुपति बहुमुखी क्याम्पस चावहिल र स्नातक तह रत्नराज्य लक्ष्मी क्याम्पसबाट गरेका हुन् (नयाँघरेबाट प्राप्त जानकारी) ।

### २.१.३ साहित्यिक प्रेरणा

सामान्यतः सिर्जनात्मक क्षमताका लागि प्रतिभा, व्युत्पत्ति र अभ्यासलाई मुख्य तत्त्व मानिन्छ । यति मात्र नरहेर स्रष्टाका सिर्जनाका लागि बाह्य प्रेरणाको पनि ठूलो भूमिका रहेको हुन्छ । नयाँघरेका लागि अध्ययन र लेखनमा प्रेरणाको स्रोत आफ्नी आमा नै हुन् । आमाले

गुनगुनाउने गरेका गुणरत्नमालाका पङ्क्तिहरू उनका प्रेरणाका श्रोत रहेका छन् । स्कुलमा गई पुस्तकालयमा भएका आफूलाई मन पर्ने पुस्तकहरूको अध्ययन गर्ने उनको बानी थियो । साथै पत्रपत्रिकाको अध्ययन, विद्यालयमा हुने अतिरिक्त क्रियाकलापमा सहभागी हुन प्रोत्साहन गर्ने विष्णुकुमार भट्टराई, दाताराम शर्मा आदि गुरुहरू नै प्रेरणाको स्रोत हुन् । यिनै प्रेरणाबाट उनले १० वर्षको उमेरदेखि नै कविता लेख्न थाले ।

वि.सं. २०४२ सालमा काठमाडौँ आएपछि कविता, गजल, निबन्ध लेखेर पत्रपत्रिकामा प्रकाशन हुने रेडियो नेपालले आफूले लेखेका निबन्धहरू प्रसारण गरिदिनु देशमा व्याप्त विकृति र विसङ्गतिप्रति साहित्यका माध्यमबाट व्यङ्ग्यवाण प्रहार गर्न पाउने वातावरण सिर्जना हुनु, देशको राजनीतिक अस्थिरताका कारण साहित्य सिर्जना गर्न थप रुचि जगाउनु आदि पक्षहरू नै साहित्यिक प्रेरणाका स्रोत हुन् । देशमा प्रजातन्त्रको प्राप्तिपछि खुलेर साहित्यिक रचनामा लाग्न पाउनु प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा साहित्यका प्रखर व्यक्तित्वसँग नयाँघरेको सम्बन्ध बढ्दै जानुले उनका स्रष्टा व्यक्तित्व मुखरित हुँदै गएको पाइन्छ ।

### २.१.४ साहित्यिक व्यक्तित्व

दश वर्षको उमेरदेखि साहित्य सिर्जना गर्न थालेका नयाँघरेका रचना कतिहरू ४० को दशकदेखि नै रेडियो नेपालमा ‘साहित्य संसार’ र ‘हाम्रो संस्कृति’ कार्यक्रम मार्फत् प्रसारण भएको पाइन्छ । त्यसपछि विभिन्न पत्रपत्रिकामा आफ्ना निबन्धात्मक रचनाहरू प्रकाशन गर्दै अन्ततः वि.सं. २०५४ सालमा नयाँघरेले संवेदनाका स्वरहरू संयुक्त लेखनको निबन्धसङ्ग्रह प्रकाशन गरे । त्यसपछि उनको औपचारिक रूपमा साहित्यिक यात्रा अगाडि बढ्न थालेको पाइन्छ । उनी निबन्धकार तथा नियात्राकारका रूपमा अघि बढे पनि उनका कविता, गीत, गजल, समालोचकीय दृष्टिकोण आदि समेत गरिमा, मधुपर्क, गोरखापत्र, कान्तिपुर, अन्नपूर्ण पोष्ट, साप्ताहित, मिर्मिरे, नागरिक आदि पत्रपत्रिकामा प्रकाशित भएका छन् । निबन्धकार तथा नियात्राकार नयाँघरेका पुस्तकाकार कृतिहरू प्रकाशन क्रमका आधारमा निम्न लिखित छन्:-

| क्र.सं. | प्रकाशित कृति | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | संवेदनाका स्वरहरू | निबन्ध सङ्ग्रह | २०५४ |
| २ | मुहूर्तको वरिपरि | निबन्ध सङ्ग्रह | २०५५ |
| ३ | मखुण्डाको मन | निबन्ध सङ्ग्रह | २०५५ |
| ४ | काठमाडौँलाई कोर्रा | निबन्ध सङ्ग्रह | २०५८ |
| ५ | नीलडाम | निबन्ध सङ्ग्रह | २०६१ |
| ६ | निबन्धकार युवराज नयाँघरेका निबन्धहरू | निबन्ध सङ्ग्रह | २०६१ |
| ७ | अनाम पहाडमा फनफनी | निबन्ध सङ्ग्रह | २०६२ |
| ८ | हरियो राहदानी | निबन्ध सङ्ग्रह | २०६९ |
| ९ | स्वाहा | निबन्ध सङ्ग्रह | २०६९ |
| १० | एक हातको ताली | नियात्रा सङ्ग्रह | २०६५ |
| ११ | घामको चुम्बन | नियात्रा सङ्ग्रह | २०६७ |

### २.१.५ साहित्यिक तथा बौद्धिक सङ्घ-संस्थामा आबद्धता

नेपाली साहित्यका क्षेत्रमा क्रियाशील युवराज नयाँघरे लेखन कार्यमा मात्र नभई विभिन्न सामाजिक सङ्घसंस्थामा आबद्ध भएर समेत सेवा गरिरहेका छन् । उनी आबद्ध भएर सेवा पुऱ्याइरहेका सङ्घसंस्थाहरू निम्नलिखित रहेका छन् :-

| क्र.सं. | सङ्घ/संस्थाहरू | सेवा |
|---|---|---|
| १ | बगर फाउन्डेसन नेपाल | सचिव |
| २ | साहित्य सिर्जना प्राङ्गण | सचिव |
| ३ | वासुशशी स्मृति परिषद् | सदस्य |
| ४ | वसुन्धरा मानव प्रज्ञा प्रतिष्ठान | सदस्य |

| | | |
|---|---|---|
| ५ | ललितकला समीक्षक समाज नेपाल | सदस्य |
| ६ | अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज नेपाल | सदस्य |
| ७ | प्रजातान्त्रिक स्रष्टा समाज | कोषाध्यक्ष |
| ८ | सिर्जनशील झापाली समाज | सदस्य |
| ९ | विद्वच्छिरोमणि हेमराज पुरस्कार गुठी | सदस्य |

### २.१.६ पुरस्कार तथा सम्मान

नयाँघरेले विभिन्न व्यक्ति सङ्घ/संस्थाहरूबाट विभिन्न शीर्षकमा मानसम्मान पाएको देखिन्छ । ती हुन् :-

१. विश्व हिन्दू महासङ्घद्वारा आयोजित कविता प्रतियोगितामा प्रथम-२०४८

२. चक्रपाणि चालिसे राष्ट्रिय प्रतिभा पुरस्कार- २०५६

३. राष्ट्रिय प्रतिभा पुरस्कार - २०५६

४. हरिभक्त कटुवाल सर्वदा सिर्जना युवा सम्मान-२०५८

५. उत्तम शान्ति पुरस्कार- २०५८

६. कपिलवस्तु साहित्य समाजद्वारा सम्मान-२०६०

७. सिपाही पत्रिकामा लेखतर्फ तृतीय- २०६१

८. प्रहरी पत्रिकामा निबन्धतर्फ प्रथम- २०६१

९. युवा वर्ष मोती पुरस्कार- २०६१

१०. भूपालमानसिंह कार्की युवा साहित्य पुरस्कार- २०६१

११. अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज, उत्कृष्ट पुस्तक पुरस्कार- २०६२ ।

१२. मदन पुरस्कार- २०६५

१३. शङ्कर लामिछाने युवा निबन्ध पुरस्कार- २०६५

१४. झर्रो नेपाली रत्न-२०६७

१५. सयपत्री सम्मान- २०६७

१६. सुनखानी सम्मान-२०६९

१७. उत्तेश्वरी सम्मान-२०६९ (शोधनायकबाट प्राप्त जानकारी)

युवराज नयाँघरे निबन्ध र नियात्रा विधाका अथक साधक हुन् । सिर्जनशील व्यक्तित्व नयाँघरे नेपाली निबन्ध तथा नियात्रा परम्पराका बौद्धिक व्यक्तित्व तथा उज्जवल नक्षेत्र हुन् । 'सादा जीवन उच्च विचार'लाई आदर्श बनाएका नयाँघरे साहित्य सिक्न र साहित्यका माध्यमले सिकाउन हरदम सक्रिय रहन्छन् । बौद्धिकता, वैचारिकता, आत्मपरकता र भाषिक प्रयोगमा सफल नयाँघरे पूर्वीय तथा पाश्चात्य ज्ञान, विज्ञान र दर्शनका अध्ययनशील व्यक्तित्वका रूपमा समेत परिचित छन् । सरल मिष्टभाषी, सहृदय, आत्मीय मिजासका नयाँघरेलाई प्रेरणाका प्रतिभा समेत मान्न सकिन्छ ।

### २.२.१ साहित्यिक यात्रा

युवराज नयाँघरेले साहित्य सिर्जनाको सुरुवातचाहिँ स्कुल पढ्दादेखि नै गरेको पाइन्छ । विद्यालयमा हुने प्रत्येक कार्यक्रममा नामचाहिँ लेखाउने तर सुरुसुरुमा अगाडि गएर वाचन गर्न धक मानेपछि भने बिस्तारै बानी परेपछि वाचन गर्न थालेको पाइन्छ ।

मूलतः कविता विधाबाट साहित्य सिर्जना आरम्भ गरेका नयाँघरेले औपचारिक रूपमा वि.सं. २०४५ सालमा 'संवेदनाका स्वरहरू' संयुक्त लेखनको निबन्ध सङ्ग्रह प्रकाशनबाट भएको पाइन्छ । साहित्यिक यात्रालाई अगाडि बढाउने क्रममा उनी गीतकार, गजलकार, समालोचक, नियात्राकार हुँदै चर्चित निबन्धकारसमेत बन्न पुगेका छन् । फलस्वरूप निबन्ध लेखनकै माध्यमबाट मदनपुरस्कारसमेत प्राप्त गरिसकेका छन्। हाल आएर उनलाई निबन्धकार र नियात्राकारकारूपमा बढी चिनिन्छ र यही विधामै उनको अस्तित्व रहेको छ ।

### २.२.२ विषयवस्तुका दृष्टिले नयाँघरेका निबन्धहरू

नयाँघरेका निबन्धहरूको अध्ययन गरिसकेपछि के थाहा हुन्छ भने उनका निबन्धका विषयवस्तु भिन्न-भिन्न प्रवृत्तिको रहेको पाइन्छ । कुनै एउटा विषयमा मात्र उनका निबन्धहरू केन्द्रित छैनन् । नेपाली निबन्धका फाँटमा छुट्टै पहिचान बनाइसकेका नयाँघरेले सामाजिक, राजनीतिक, ऐतिहासिक, सांस्कृतिक, यौन र प्रणयका विषयवस्तुमा आधारित भएर निबन्धहरू लेखेका छन् ।

### २.२.३ नयाँघरेका निबन्धगत यात्रा र चरण

युवराज नयाँघरेले आफ्नो साहित्यिक यात्रा कविताबाट सुरु गरेको पाइन्छ । दश वर्षको उमेरदेखि साहित्यिक यात्रामा पाइलो सारेका नयाँघरेका निबन्ध लेखनको औपचारिक सुरुवात चाहिँ वि.सं. २०४५ सालमा संवेदनाका स्वरहरू संयुक्त लेखनको निबन्धसङ्ग्रह प्रकाशन गरेर भएको पाइन्छ । साहित्यका विविध विधामा कलम चलाए पनि विशेष योगदान निबन्ध विधामै रहेको पाइन्छ । आधुनिक नेपाली निबन्ध लेखनका क्षेत्रमा अग्रणी भूमिका खेल्न पुगेका नयाँघरे युवा पुस्ताका थुप्रै निबन्धकारहरू माझ चर्चित हुन पुगेको पाइन्छ । चालिस को दशकदेखि उनका रचनाहरू रेडियो नेपालले 'साहित्य संसार र हाम्रो संस्कृति' कार्यक्रम मार्फत प्रसारण गरेको पाइन्छ । नयाँघरेले डेढ दशकयता सातवटा निबन्धात्मक कृति र दुईवटा नियात्रासङ्ग्रह प्रकाशित गरिसकेका छन् । उनका यी एघारवटा प्रकाशित कृतिहरूलाई हेर्दा चरण विभाजन गरिहाल्नुपर्ने बलिया आधारहरू हालसम्म फेला परिसकेका छैनन् । प्रकाशनको हिसाबले एघारवटा कृतिहरू भए पनि यसैलाई पूर्णतः आधार मानेर चरण विभाजन गर्न सकिँदैन । त्यसकारण उनका निबन्धलाई चरण विभाजन गर्न नसक्ने आधारहरूमा उद्देश्य, भाषाशैली र विषयवस्तुलाई मूल आधार मान्न सकिन्छ । यी तीन कुरालाई आधार बनाएर अध्ययन गर्दा उनका निबन्धहरूको चरण विभाजनको आवश्यकता छैन भन्ने कुरा तल वर्णनबाट पुष्टि हुन्छ । विषयवस्तुगत दृष्टिकोणले उनका निबन्धहरूलाई केलाउँदा सबै निबन्धहरूको विषयवस्तु एकै खालका छन् भने परिस्थिति मात्र फरक पाउन सकिन्छ । जसका उदाहरणका रूपमा निम्न निबन्धहरूलाई लिन सकिन्छ ।

मेरो प्यारो आँधीबेहरी, आँसु पुछ्ने टालोले घाउ पुछौँला, अक्षरहरूमा आँखी बन्दै, यशोधराको मन दुख्छ, भेटौँला कर्फ्यूमा, टाउका पर्वको स्रोता, आरुको फूलमा बारुदको बास, शासनाको सिँगौरी यी सबै निबन्धहरूमा राजनीतिक कारणले समाजमा पारेको प्रभाव देखाउने काम गरिएको छ । अझसम्म पनि उनको निबन्धमा आख्यानको प्रचुरता पाइँदैन । झिनो आख्यानमा अल्झिएको यिनका निबन्धमा विषयवस्तुका दृष्टिले वर्गीकरण गरिहाल्न उचित ठहर्दैन ।

उद्देश्यका दृष्टिले हेर्दा पनि उनको निबन्धहरूलाई वर्गीकरण गरिहाल्नु पर्ने देखिँदैन । उनको सुरुदेखि हालसम्मका निबन्धहरू पढ्दा उद्देश्यको दृष्टिले त्यति अन्तर पाउन सकिँदैन । उनका निबन्धको उद्देश्य भनेकै समाजलाई परिवर्तन गर्नु र सामाजिक आर्थिक उन्नति गर्नु नै मूल उद्देश्य रहेको देखिन्छ । त्यसकारण उद्देश्यका आधारमा पनि यिनका निबन्धहरूलाई वर्गीकरण गरिहाल्नु पर्ने आवश्यकता ठानिँदैन ।

भाषाशैलीका दृष्टिले हेर्दा उनका निबन्धमा काव्यात्मक शैली र छोटा वाक्य, सरल शब्द प्रयोग गरी लेखिएका यिनका निबन्धहरू पहिलेका र अहिलेका भाषामा फरक गरेर छुट्याउन सकिँदैन (भट्टराई, २०६२ : २६८) । जसले गर्दा उनका निबन्धहरूलाई भाषाशैलीका आधारले पनि वर्गीकरण गर्न सकिने स्थिति देखिँदैन । उनका प्रत्येक वाक्यमा कविता बोल्दछ । शब्दहरू ठेट झर्रो प्रयोग भएको पाइन्छ (धरावासी, २०५८ : भूमिका) । भाषाशैलीमा आफ्नो बेग्लै पहिचान बनाइसकेका नयाँघरेका निबन्धहरूमा प्रचुर मात्रामा सान्दर्भिक उखानटुक्का प्रयोग गर्ने उनको आफ्नै शैली रहेको छ । नयाँघरेका निबन्धहरू भाषाशैलीकै आधारमा निबन्धहरू वर्गीकरण गर्नुपर्ने स्थिति आएको देखिँदैन ।

युवराज नयाँघरेको निबन्ध लेखनको चरण विभाजन गर्नुपर्ने पर्याप्त आधारहरू भेटिएको पाइँदैन । डेढ दशकको अवधिमा एघारवटा कृतिहरू प्रकाशित हुनुलाई यिनको निबन्ध लेखनको प्रारम्भिक अवस्था नै मान्नु पर्दछ ।

यही प्रारम्भिक अवस्थामै आएर निबन्धको चरण विभाजन गरियो भने उनका अब आउने कृतिहरूको र स्वयम् उनको पनि सही मूल्याङ्कन नभई केवल जीवनको एक पाटोको मात्र अध्ययन हुन पुग्दछ । जुन समय सान्दर्भिक र औचित्यहीन ठहर्दछ । अहिलेसम्म कुनै पनि समालोचकले यिनका निबन्धहरूलाई चरण विभाजन गरि हालेको पाइँदैन । उनले लेखन कार्यबाट विश्राम लिएका पनि छैनन् । तसर्थ उनको प्रतिभा उत्तरोत्तर सशक्ततातर्फ उन्मुख हुँदै गएको

तथ्य स्वतः परिलक्षित हुन्छ र भविष्यमा पनि थुप्रै सिर्जनाहरू प्रकाशनमा आउने तीव्र सम्भावना पनि रहेकाले उनका कृतिहरूलाई चरण विभाजन नगर्नु नै सान्दर्भिक ठहर्छ ।

### २.२.४ आधुनिक नेपाली निबन्ध परम्परामा नयाँघरेको निबन्ध यात्रा र योगदान

आधुनिक नेपाली निबन्धको काल विभाजन गर्ने क्रममा एक रूपता पाइँदैन । निबन्धकारहरूले आ-आफ्नै तरिकाले विभाजन गरेको पाइन्छ । आधुनिक नेपाली निबन्धलाई उत्कर्ष बिन्दुमा पुऱ्याउने कार्यका लागि 'शारदा' (१९९१) पत्रिकाको भूमिका पनि महत्त्वपूर्ण रहेको छ । नेपाली निबन्ध लेखनको पहिलो चरणमा निजात्मक (आत्मपरक) निबन्ध लिएर बालकृष्ण सम देखा परेको पाइन्छ भने परात्मक (वस्तुपरक) निबन्ध लिएर लक्ष्मीप्रसाद देवकोटा देखा परेको पाइन्छ । आत्मपरक निबन्ध त्यस चरणमा वस्तुपरक निबन्धभन्दा कम नै आएको पाइन्छ । शिल्पगत परिमार्जनका क्षेत्रमा निबन्धकारहरू बढी सचेत रहेको देखिन्छ । बौद्धिक आग्रहलाई निबन्ध लेखनको मूल अभीष्ट बनाउने परिपाटीले यस चरणमा बढी प्रश्रय पाएको देखिन्छ । थुप्रै निबन्धकारहरूबीच निबन्धकार लक्ष्मीप्रसाद देवकोटा र बालकृष्ण समले यस चरणको नेतृत्व गरेको पाइन्छ ।

दोस्रो चरणको निबन्ध लेखन पनि निजात्मक र परात्मक दुवै शैलीमा निबन्ध लेखिएको पाइन्छ । यस चरणमा निबन्धकारहरू देखा परेको देखिन्छ । रचना र प्रकाशनले पनि व्यापकता अँगालेको पाइन्छ । यस चरणका निबन्धहरूमा हास्यव्यङ्ग्य र खोज-अनुसन्धानमूलक निबन्ध लेखनतर्फ बढी निबन्धकारहरूको सक्रियता देखा पऱ्यो । यस चरणका निबन्धकारहरूमा हृदयचन्द्रसिंह प्रधान, रामकृष्ण शर्मा, अच्छा राई 'रसिक', श्यामप्रसाद शर्मा, यदुनाथ खनाल, कमल दीक्षित, चूडानाथ भट्टराई, केशवराज पिँडाली आदि जस्ता निबन्धकारहरूको बाहुल्य रहेको पाइन्छ ।

आधुनिक नेपाली निबन्धको तेस्रो चरण सबभन्दा सशक्त रहेको देखिन्छ । 'रूपरेखा' पत्रिकाको प्रकाशन सँगसँगै यस चरणको शुभारम्भ भएको मान्न सकिन्छ । यस चरणलाई नेपाली साहित्यमा उत्कर्षकाल मानिन्छ । विभिन्न बिम्ब र प्रतीकका सहायताले समसामयिक पीडा, विसङ्गति र विद्रोहको समेत सर्जकहरूले आफ्नो निबन्धमा भित्र्याउने काम गरेका छन् ।

वैयक्तिक अनुभूतिजन्य वस्तु समेटेर निबन्ध रचना गर्नुका साथै संस्मरण र यात्रा निबन्ध लेखनको क्षेत्रमा पनि यस चरणमा व्यापकता देखिन्छ । बालकृष्ण पोखरेल, शङ्कर लामिछाने, तारानाथ शर्मा, वासुदेव त्रिपाठी, राजेन्द्र सुवेदी, रामकृष्ण शर्मा, रामकुमार पाण्डे, मोहनराज शर्मा आदि साहित्यकारहरूको योगदान यस चरणमा उल्लेखनीय रूपमा रहेको पाइन्छ ।

त्यसैगरी समसामयिक वस्तुतथ्यलाई अँगालेर निबन्ध साधनामा क्रियाशील रहने पछिल्लो पुस्ताका निबन्धकारहरू यस प्रकार छन् :- मञ्जुल, शैलेन्दुप्रकाश नेपाल, कलानिधी दहाल, शारदा शर्मा, भीष्म उप्रेती, शारदा अधिकारी, कृष्ण धरावासी, मोहन काफ्ले, निर्मोही व्यास, विजय चालिसे, नरेन्द्रराज प्रसाईं, सुधा त्रिपाठी, प्रयागराज वाशिष्ठ, शिव अधिकारी, युवराज नयाँघरे, विष्णु प्रभात आदि जस्ता थुप्रै निबन्धकारहरूको योगदान यस चरणमा देखा पऱ्यो ।

करिब चालिसको दशकदेखि समसामयिक चरणको सुरुवात भएको पाइन्छ । यही चरणमा कुनै एक मात्र विषयवस्तुमा केन्द्रित नभई समसामयिक घटनाहरूमाथि केन्द्रित भएर विभिन्न विषयवस्तु समेटेर निबन्धको सिर्जना हुन थालेको पाइन्छ । जसले गर्दा यस चरणमा आएर निबन्ध लेखन द्रूत गतिमा अघि बढेको पाइन्छ । लेखकीय चेतनाले विश्वमानचित्रलाई नेपाली मनमस्तिष्कमा विचरण गराएको पाइन्छ । व्यापक विषयवस्तु अँगालेर निबन्ध रचना गर्नु पनि उल्लेख्य प्राप्ति भएको पाइन्छ । समसामयिकतालाई समेटेर निबन्ध रचनामा युवा पुस्ता विशेष क्रियाशील रहेको पाइन्छ । समाजको उन्नति, प्रगति चाहने युवापुस्ताको जोशजाँगर जुर्मुराएर बिग्रँदो समाजको बारेमा विद्रोहको बोली बोल्छन् । सुधारको लागि जोश उमार्छ र समाज सुधारको तीव्र आकाङ्क्षाहरू निबन्धमा पोख्छ । यस अर्थमा नेपाली निबन्धको भविष्य अझ उर्वर, सशक्त र व्यापक बन्ने कुरामा दुईमत नरहला ।

चालिसको दशकदेखि समसामयिक निबन्धको सुरुवात भएको मानिन्छ । यही दशकमा थुप्रै युवापुस्ताका निबन्धकारहरू देखा परेका थिए । त्यही भीडमा आफ्नो स्पष्ट पहिचान बनाउन सफल भएका निबन्धकार हुन् युवराज नयाँघरे । निबन्ध भनेको वैयक्तिक अनुभूतिको अभिव्यक्ति हो । अग्रज निबन्धकारहरूले यही सिद्धान्तमा रहेर निबन्ध लेखेका छन् । हरेक साहित्यकारले आफ्नो छुट्टै पहिचान बनाउनका निम्ति नयाँ प्रस्तुति गर्न खोजेका हुन्छन् तर त्यसको मूल्याङ्कन पाठकले उसको सिर्जना अध्ययन गरेपछि मात्र हुन पुग्दछ । निबन्धात्मक कला, सरल, भाषाशैली, चोटिलो प्रहार र वास्तविक विषय उठान गर्नु नै नयाँघरेको कलमको उत्कृष्ट कला हो । उनले

यस समसामयिक धारालाई गोडमेल गरेर फुलाउने र फलाउने काम गरे, जसको परिणाम स्वरूप नेपाली निबन्ध उत्कर्षमा पुग्न समेत सफल भएको मान्न सकिन्छ । विषयवस्तु चयनमा विविधता सरल र सहज भाषामा निबन्ध लेखनतर्फ आकर्षित हुनु पनि यिनको आफ्नै वैशिष्ट्य मान्नु पर्दछ । नयाँघरे व्यक्ति समाज र राष्ट्रकै उन्नतिमा नयाँ दिशा देखाउने प्रयत्नमा लागेका उनी आफ्ना निबन्धहरूमा सामाजिक विकृति, विडम्बना र विसङ्गतिप्रतिको तीव्र आक्रोशलाई पनि सरल र सहज तरिकाले प्रकट गर्दछन् । सामाजिक एवम् वैचारिक द्वन्द्वले उब्जाएका विद्रोही धारणाहरूको अभिव्यक्ति पनि राजनीतिक उथलपुथलबाट अस्थिर बनेको मानवीय चेतनाको स्थिरताका दिशामार्फत् उन्मुख गराउन पनि नयाँघरे सक्रिय रहेका छन् । विश्वमा बढिरहेको अशान्ति, हिंसा र हत्या आदिको तीव्र विरोध गरी जनमानसमा चेतना फैलाउनका साथै नारी अस्मिता माथिको खेलवाड बढ्दो ढाँट प्रवृत्ति तथा सामयिक जीवनका अन्य विविध अन्तर्वस्तुलाई खोतलेर देखाउनमा उनी सफल छन् । आज निबन्ध रचनामा संस्मरणले व्यापक ठाउँ ओगट्ने गरेको परिप्रेक्ष्यमा नयाँघरे पनि भिन्न शैलीका संस्मरणात्मक निबन्धहरू लिएर देखा परेका छन् । आत्मपरक शैलीमा निबन्ध लेखी समसामयिकतालाई आत्मसात गर्न आतुर नयाँघरे युगबोधलाई अभिव्यक्त गर्न सक्नु पनि उनले निबन्ध विधामा पुऱ्याएको योगदान मान्न सकिन्छ । निबन्धका विषयलाई घटना र परिवेशलाई भोगाइ र अनुभूतिहरूलाई राम्ररी केलाएर प्रस्तुत गर्ने अनौठो शैली, रोचक प्रस्तुति र स-साना कलात्मक वाक्यहरूको संयोजन गर्ने कला उनमा देखिन्छ ।

कुनै पनि साहित्यकार साहित्य सिर्जना गर्ने क्रममा अन्य लेखकहरूबाट थोरबहुत प्रभावित भएको पाइन्छ अर्थात् कृति पढ्ने बानी बसेको पाइन्छ । त्यसै क्रममा नयाँघरे पनि विदेशी र स्वदेशी दुवै साहित्यकारदेखि प्रभावित भएको पाइन्छ । विदेशी साहित्यकारहरूमा एन्टोन चेखव, ओडेन, डब्लु एच र सेक्सपियर जस्ता साहित्यकारबाट प्रभावित भएको देखिन्छ भने स्वदेशी साहित्यकारहरूमा लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने, पारिजात, कृष्ण धरावासी, माधव पोखरेल आदि साहित्यकारबाट प्रभावित भएका देखिन्छन् । उनी ती साहित्यकारहरूबाट प्रभावित भए तापनि त्यस्ता निबन्धकार चाहिँ होइनन् । उनको सिर्जनामा आफ्नै वरिपरिका समसामयिक परिवेश चिन्तन, बुद्धि र तर्कका माध्यमबाट निबन्ध सिर्जना गरी नेपाली साहित्यमा भिन्न व्यक्तित्व भएर अगाडि बढेका छन् । जीवनलाई एक पाटाबाट मात्र नहेरी चारैतिर अर्थात् लम्बाइ,

चौडाइ, उचाइ, गहिराईबाट हेर्नुपर्छ भन्ने धारणा उनले आफ्नो निबन्धहरूमा अभिव्यक्त गर्ने गरेका छन् ।

## २.२.५ युवराज नयाँघरेका निबन्धात्मक प्रवृत्ति योगदान र उपलब्धि

## २.२.६ निबन्धात्मक प्रवृत्ति

युवराज नयाँघरे आधुनिक नेपाली साहित्यका एक चर्चित निबन्धकार हुन् । नेपाली साहित्यको सुरुवात कविताबाट गरेका उनले पछि गएर निबन्ध विधालाई अङ्गाले र यही विधालाई फलाउने फुलाउने काम गरे । उनले नेपाली निबन्ध लेखेरै उत्कृष्ट भई मदनपुरस्कार समेत हात पार्न सफल भएका छन् । निरन्तर साधनामा लागि रहने उनी आफ्नो भिन्न शिल्प र शैली अपनाएर थोरै समयमा नै धेरै चर्चा कमाउन सफल भए । थुप्रै निबन्धकारको भिडमा आफ्नो अलग्गै पहिचान बनाउन सक्नु यिनको आफ्नै वैशिष्ट्य ठहर्छ । त्यसकारण नयाँघरेका निबन्धात्मक कृतिहरूको अध्ययन गरिसकेपछि निम्न प्रवृत्तिहरू उनको निबन्धमा पाउन सकिन्छ, जुन यस प्रकार रहेको छ :

## २.२.७ प्रयोगवादी निबन्धकार

युवराज नयाँघरेका निबन्धमा विभिन्न प्रयोगहरू पाउन सकिन्छ । गद्य कवितात्मक शैलीमा रूपायित नयाँ घरेका निबन्धहरू स्वयम्मा काव्यशैलीका बान्कीमा लेखिएको पाइन्छ । अत्यन्त सूक्ष्म र सानो विषय लिएर पनि त्यसलाई खेलाएर तन्काउन सक्ने क्षमता पनि यिनमा रहेको देखिन्छ । झर्रा र ठेट नेपाली शब्दहरूको सुन्दर संयोजन उनको निबन्धमा प्रयोग भएको पाइन्छ । यिनका निबन्धहरूमा कुनै एउटा सग्लो विषयवस्तु वा घटनाको चित्रण नभई जीवनका असङ्गत विसङ्गत प्रयोगतर्फ अगाडि बढेको देखिन्छ । यसका उदाहरणमा 'अठार हजार जाबो र वरिपरि एक्का' निबन्धलाई लिन सकिन्छ । त्यस्तै बिम्बको प्रयोग पनि उनका निबन्धमा पाउन सकिन्छ ।

कोत पर्वको दर्शक र ध्वाँसोमुनि डेरिडा निबन्ध बिम्बमा परिणत गरिएको छ । जसले यथार्थ भावना उद्वेलित गर्न खोजिरहेको देखिन्छ । नयाँघरेका हरेक निबन्धमा कुनै न कुनै नयाँ कुरा प्रस्तुत गर्न मै उद्वत देखिन्छन् । यस कारणले गर्दा नयाँघरेलाई प्रयोगवादी निबन्धकार पनि भन्न सकिन्छ ।

काव्यात्मक भाषाशैलीको प्रयोग गरी लेखकीय भावनालाई शब्दको जोडघटाउमा कतै नचाउँदै कतै हँसाउँदै कतै संवेदित पार्दै एउटा ठोस आकार दिन सक्नु पनि पृथक सीपकै कुरा हो । यसमा नयाँघरेको प्रयत्न र प्रस्तुतिले फड्को मारेको छ भन्नु पर्दछ । त्यसैले उनको लेखन भिन्न छ । अन्यका लेखनका तुलनामा उनको लेखन अलग्गै चिनिन्छ । यसरी चिनिनु पनि उपलब्धिपूर्ण विशेषता नै भन्नु पर्दछ । शब्दसंरचनामा ठेट नेपालीपनको प्रयोग नयाँघरेको परिचय नै भयो ।

### २.२.८ देशको सामाजिक भौगोलिक स्थितिको चित्रण

युवराज नयाँघरेका निबन्धहरू कल्पित कथावस्तुमा नभई हाम्रै देश, समाज, र भूगोलका विषयहरूमा आधारित भएर निबन्धहरू सिर्जना भएका हुन्छन् । देशप्रेमी नयाँघरेले जुन ठाउँको भ्रमण गर्न जान्थे त्यस ठाउँको वस्तुस्थितिलाई राम्ररी केलाएर आफ्नो निबन्धमा प्रस्तुत गर्दछन् । आफ्नो देश, समाजको वस्तुसितिलाई राम्ररी चित्रण गरी त्यसले समाज सुधारको चाहना राखेको हुन्छ । देशको भौगोलिक स्थिति त्यहाँको रहनसहन, सामाजिक जीवन, साथै ठाउँको वस्तुस्थितिको समेत जीवन्त प्रस्तुति यिनका निबन्धहरूमा पाउन सकिन्छ । यसका उदाहरणका रूपमा ‘सडकस्वाद’, ‘पैराको धावा’, ‘धने बौलाहा र डिस्को’, ‘भेटौंला कर्फ्युमा’, बाइरोडको बाटोमा गुराँस चपाउँदै’, ‘खरानीको फूल’ र ‘एकादेशमा हाम्रा अनुहार’ आदि जस्ता निबन्धहरूलाई लिन सकिन्छ

युवराज नयाँघरेका निबन्धहरूमा देशको भौगोलिक स्थिति त्यहाँको रहनसहन वस्तुस्थिति, सामाजिक जीवन आदिको जीवन्त प्रस्तुति यिनका निबन्धहरूमा पाउन सकिन्छ ।

### २.२.९ काव्यात्मक भाषाको प्रयोग

युवराज नयाँघरे मूलतः निबन्धकार हुन् तर उनले लेखेका निबन्धको भाषा भने काव्यात्मक रहेको पाइन्छ । किन कि उनका निबन्ध पढ्दा कविता पढेको झैं लाग्दछ । पाठकहरूले निबन्ध पढ्दै जाँदा कविता र निबन्धको दोसाँधमा पुगेर निबन्ध हो भन्ने निष्कर्षमा पुग्दछन् । काव्यात्मक भाषाको प्रयोगले वाक्यहरू सरल जस्तो लागे पनि यिनका निबन्धहरू वैचारिक र बौद्धिक रहेका छन् । निबन्धहरूको अनुच्छेदहरू पनि चाँडो-चाँडो फेरिरहन्छन् । कवितात्मक भाषाको प्रयोग भएको निबन्धसङ्ग्रह ‘एक हातको ताली’, ‘निलडाम’ यसको साक्ष्यका

रूपमा राखेर यसको प्रस्तुत गर्न सकिन्छ । सरल, सहज शब्द ठेट नेपाली भाषाको प्रयोग गरिएका उनका कृतिहरू पाठकले सजिलै पढ्न, बुझ्न सक्ने र पढ्दा दिक्क नलाग्ने खालका छन् । छोटा-छोटा काव्यको प्रयोगमा मौलिकता देखा पर्नु पनि यिनको आफ्नै वैशिष्ट्य ठहर्छ ।

नयाँघरेको सबभन्दा ठूलो पहिचान हो उनको शैली काव्यात्मक छ । उनका निबन्ध पढ्दा लयदार गद्यकविताको शक्ति उत्पन्न र भएभैँ लाग्दछ । छोटा वाक्य सरल शब्द, लयात्मकतायुक्त गद्य कविताको गुण हो । त्यही काव्यात्मक शैलीमा लेखिएका निबन्धले उनलाई चर्चा पुऱ्याएको छ ।

## २.२.१० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको चित्रण

युवराज नयाँघरेका निबन्धहरूमा समाजका मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको समेत चित्रण गरिएको हुन्छ । राष्ट्रले भोगेको अवस्था र राष्ट्रियता जोगाउने नाममा नेपालीहरूको पहिचान गुम्ने खतराप्रति सचेत रहन यिनका निबन्धहरू लेखिएका छन् । अन्तर्राष्ट्रिय परिवेशले नेपालीलाई हुन सक्ने हानीप्रति पनि सजग रहन यिनी निबन्धका माध्यमबाट आग्रह गर्दछन् । जीवनका विसङ्गत पक्ष राष्ट्रिय-अन्तर्राष्ट्रिय त्रासदीका परिदृश्यहरूको चित्रण पनि यिनका निबन्धहरूमा पाउन सकिन्छ ।

अन्तर्राष्ट्रिय जगतले नेपाललाई सहयोग गर्ने बहानामा राष्ट्रलाई नै परतन्त्रमा राखेको अवस्था र सानातिना मुद्दामाथि पनि प्रयोग हुने हैकमवादी प्रवृत्तिको समेत मार्मिक प्रस्तुति यिनका निबन्धहरूमा भेटाउन सकिन्छ । मित्र राष्ट्रले सीमा सुरक्षा गर्ने निहुँमा नेपाली भूमिको अतिक्रमण गरिएको कारण व्यथा पनि यिनका निबन्धमा कुनै न कुनै रूपमा प्रस्तुत भएकै छन् ।

नयाँघरेले आफ्नो कृतिहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको चित्रण गरेको पाइन्छ । राष्ट्रिय निर्माणको क्रममा नेपालीहरूले आफ्नो पहिचान नै गुमाउन पुगेको अवस्था साथै अन्तर्राष्ट्रिय परिवेशले नेपाललाई गरेको अन्य अत्याचार हैकमवादी प्रवृत्तिको चित्रण उनको निबन्धमा व्यक्त हुनु पनि उनको पहिचान नै हो ।

### २.२.११ नियात्रापरक शैलीमा निबन्ध लेखन

युवराज नयाँघरेका निबन्धहरू पढ्दा के अनुभूति हुन्छ भने पाठक निबन्धभित्रै लेखकसँगै कुनै ठाउँको यात्रा गरिरहेको जस्तो लाग्दछ । नयाँघरे जहाँ-जहाँ जान्छन् । त्यस ठाउँमा केन्द्रित भएर निबन्ध लेख्छन् । यात्रामा देखेका सुनेका, भोगेका र आफूले यात्रा गरेको ठाउँको वस्तुस्थितिको चित्रण गरी कलात्मक ढङ्गले आफ्नो विचारहरू प्रस्तुत गरेका हुन्छन् । निबन्ध लेखनको सुरुवातमा नै यात्रा गर्दाको विविध घटना र समय यिनका निबन्धहरूमा पाउन सकिन्छ । त्यसकारण उनका निबन्धहरूमा नियात्रापरक शैलीको प्रस्तुति भएको पाइन्छ ।

नयाँघरे यात्रा गर्नु यात्राको क्रममा देखेका, भोगेका र अनुभव गरेका घटनाहरू आफ्नो नियात्रामा प्रस्तुत गर्नु उनको विशेषता नै हो । निबन्ध लेखनको सुरुवात नै यात्राको क्रममा भोगेका विविध घटनाबाट सुरुवात हुनु जस्ता विशेषताले गर्दा उनको शैली नियात्रापरक रहेको पाइन्छ ।

### २.२.१२ नवीन शैलीका निबन्ध लेखन

युवराज नयाँघरेको निबन्ध लेखनको शैली अन्य निबन्धकारहरूको भन्दा नवीन रहेको पाइन्छ । निबन्ध लेखनको सुरुवात मै एक छोटो वाक्यान्तर यिनको निबन्धमा भेटिन्छ । उनका हरेक निबन्धमा वस्तुस्थितिको यथार्थ चित्रण गरेको पाइन्छ । व्यङ्ग्यात्मक पारामा घोचपेच गरी वास्तविक विषयवस्तुको उठान गरेका हुन्छन् । छोटो, सरल र एक बसाइमा सकिने गरी प्रस्तुत गरिएका हुन्छन् । नयाँघरेका निबन्धमा कसैलाई आक्षेप लगाइको हुँदैन । कसैको जरो खन्ने गरी गालीगलौज गरिएको हुँदैन, प्रतिकात्मक शब्दावलीको सिलसिलेवार मिलाएर पाठकले पचाउन सक्ने गरी प्रस्तुत गरिएको हुन्छ । आफ्ना निबन्धहरूमा विद्रोहात्मक शैलीभन्दा समस्या समाधानको शैली अपनाएर निबन्ध लेख्नु पनि यिनको आफ्नै शैली हो । भाषा प्रयोग गर्ने सन्दर्भमा अभिधाभन्दा व्यञ्जनामा बढी जोड दिएको पाइन्छ । आत्मप्रकटीकरण र यथातथ्य प्रस्तुति अनि अत्यन्त सूक्ष्म विषय लिएर पनि त्यसलाई खेलाएर तन्काउन सक्ने कला

निबन्धकारमा पाइन्छ । आफ्नै शैली र शिल्पको चहक पनि छ र भाषालाई आफ्नै तरिकाले खेलाउने रौनक पनि छ ।

यस्ता नवीन शैलीको प्रयोग गरी निबन्ध सिर्जना गर्नमा नयाँघरे खप्पिस देखिन्छन् । समसामयिक निबन्धकारहरूका माझमा फरक शैलीकै कारणले आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको पाइन्छ ।

# परिच्छेद-तीन

# ३.१ 'एक हातको ताली' निबन्धसङ्ग्रहको वैचारिक अध्ययन

एक हातको ताली निबन्ध सङ्ग्रहमा जम्मा २३ वटा निबन्धहरू विभिन्न शीर्षकमा सङ्ग्रहित छन् । शीर्षक फरक रहे तापनि ती निबन्धहरूको उद्देश्य लगभग एकै किसिमको छ । यी रचनाहरूलाई सामाजिक, राजनीतिक र सांस्कृतिक गरी तीन वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

सामाजिक विषयवस्तुमा लेखिएका निबन्धहरू- अठार हजार जाबो, तिम्रो घरमा देउता, पुलमुनिका घर, सट्टापट्टा, प्रलयको नाम होइन सुनामी, ध्वाँसोमुनि डेरिडा, सडक स्वाद, चुराको छलाङ्, पैसाको धावा, एक भऱ्याङ्ग पीर, शर्मिला पार्कर र धानबारी, जयमाया अर्थात् नेपालीहरू, सुन चराको दान दिए, धन बौला र डिस्को, बादी र बाउन्ने बुद्धिजीवी, किरिया बाजको दैनिकी र जिउँदाको कुरा काट्दै हुन् । राजनीतिक विषयवस्तुमा आधारित निबन्धहरुः- 'भेटौंला कर्फ्यूमा', 'एक हातको ताली', 'कोत पर्वको दर्शक', 'टाउको पर्वको स्रोता' हुन् ।सांस्कृतिक विषयवस्तुमा आधारित निबन्धहरू- धराहरामा लेफराइट, कोरसमा एउटा स्वर हुन् ।

### ३.१.१ सामाजिक विषयवस्तुमा लेखिएका निबन्धहरू

### ३.१.२ अठार हजार जाबो

सामाजिक विषयवस्तुमा लेखिएको यस निबन्धमा मान्छेको जीवनको महत्त्व कसरी दिनानुदिन क्षयीकरणको शिकार हुँदै गएको छ भनेर देखाएका छन् । काठमाडौं शहरको एक सार्वजनिक गाडीचालक धेरै पटक दुर्घटनाको छेउछाउ पुग्छ । उसलाई जतिसक्दो चाँडो अन्तिम बिसौनीमा पुग्ने हतारो छ । त्यही हतारोमा गाडी हुइँक्याउँदै छ । त्यही हुइँक्याइमा गाडीले मान्छे किचेमा अठार हजार तिरे पुग्ने नियम र अठार हजार मूल्यको मान्छेका जीवनको परिहास र उपहास यहाँभन्दा अर्को के हुन्छ ? गरिब ड्राइभर अरू गरिब घाँसे, भरियाप्रति आक्रोशित हुन्छ र अठार हजारको भाषा वमन गर्छ । यो स्थितिलाई निबन्धकारले यसरी आँकलन गरेका छन् :- भारी बोक्नु रहर वा सुन्दर सपनाको परिणाम होइन, हुँदै होइन । अथवा यो ड्राइभरी काम पनि

कुनै अलौकिक मज्जा किञ्चित होइन । एउटा ड्राइभरले अर्को भारी बोक्नेलाई मारिछाड्छु भन्ने इरादा राख्नु असङ्गतिको उपल्लो दृष्टान्त हो । के मान्छेमा मानवीयता छैन ? देशको कानुन निर्माताहरू यस मूल्यभित्र पर्दैनन् ? अवैधानिक रूपमा चालक परिचयपत्र दिने नीति कतिसम्म व्यावहारिक छ त ? आखिरमा यी सबैको परिणाम भोग्ने मानव नै त हो नि ! यिनै दसाहरूको जीवन्त चित्रण देख्न पाइन्छ यस निबन्धमा । मानवको मूल्य हराउँदै गएको यस स्थितिमा अन्य वस्तुको मूल्य बढेर आकासिँदै जानु मानवआफैले आफ्नो अस्तित्व नामेट पार्दै जानु हो । समाजमा यस्ता अराजक अतिक्रमण अमानवीय व्यवहार यस निबन्धमा देख्न पाइन्छ । यहाँ ड्राइभर भनाउँदो मान्छे राक्षस बनेको छ । संवेदनशील व्यक्तिले यस्ता व्यवहार सुन्दा त्यस व्यक्तिको हृदय कतिसम्म कुँडिन्छ ? कसले बुझ्ने ? के यहाँ सडकमा हिँड्ने मान्छेको मूल्य ड्राइभरको हातमा छ ? यतिसम्म खसेको संस्कृति हाम्रो समाजको पैसा तिरे सबैथोक हुने । जस्तै गल्ती पनि माफ हुने मानवीयता हराउँदै गएको यस समाजमा कसले बोलिदिने यसका बारेमा खै को छ त ? दिनदिनै निर्दयता, निष्ठुरता बन्दै गएको समाजमा यिनै र यस्तै घटनाहरूलाई समेटेर तयार पारेको यो निबन्ध एक सफल रचना हो ।

आलङ्कारिक कवितात्मक शैलीमा वर्तमान मानवीय जीवनको मूल्यहीनता र अस्तित्वहीनताको एक सशक्त अभिव्यक्ति बनेर प्रस्तुत निबन्ध आएको छ । वर्तमान जीवन अँध्यारै अँध्याराले ढाकिएको हुन्छ हरेक क्षण “एउटा अँध्यारो बिहानमा अँध्याराले साँझपर्छ पटक-पटक ।” त्यसैले लेखक आफू बाँचेको समाजमा विसङ्गति वा प्रतिकूलताको राक्षसी श्वास व्याप्त देख्छन् र यसलाई उत्कृष्ट काव्यमय भाषामा पोख्छन् “बिहानको अर्थ साँझमा मर्छ र साँझको शब्द मर्छ बिहान नै ।“ “मूल्यहीनताको यो जोखिम युगमा उभिएर आफूलाई तराजुमा जोख्दैछु धेरै दिनदेखि” । यस कथनले आत्मपरकता र निजात्मक अनुभूति वा संवेदनालाई समेट्दै अँध्याराले वर्तमान जीवनमूल्यको लेखाजोखा गरेको छ । मानवीय संवेदनाले शून्य बन्दै गएको आधुनिक यन्त्रमुखी समय र विश्वको बिम्बात्मक/प्रतीकात्मक प्रस्तुति हो ‘अठार हजार जाबो’ । त्यस्तै नेपाल र नेपालजस्ता देशका सञ्चालक शासक/सत्ताधारीको नृशंस चरित्रलाई व्यञ्जनात्मक स्तरमा प्रकट गरिएको छ । यो निबन्ध एउटै विचारबिन्दुमा टेकेर वृत्ताकारीय वा चक्रीय गतिमा घुमेको छ । ‘अठार हजार जाबो’ भन्ने आशय निबन्धमा सुरुदेखि अन्त्यसम्म नै दोहोरिएको छ । यसरी एउटा

ड्राइभरमा विश्वभरिकै मान्छेको शक्ति उन्माद गरी सूक्ष्म व्यञ्जन प्रकट गर्न सक्नु नयाँघरेको कलात्मक वैचारिक सौन्दर्य हो ।

### ३.१.२.१ निष्कर्ष

"अठार हजार जाबो" निबन्ध अहिलेको समसामयिक परिस्थितिको चित्रण गरिएको एक सामाजिक निबन्ध हो । गाडीले मान्छे किचे अठार हजार तिरे पुग्ने नियम कानुन र अवैधानिक रूपमा चालक परिचय पत्र दिन नियम कत्तिसम्म व्यावहारिक छ त ? अन्य वस्तुको मूल्य दिनदिनै बढ्दै गएको र मान्छेको मूल्य घट्दै जानु मान्छेले आफ्नो अस्तित्व नामेट पार्दै जानु हो । यिनै भावहरू व्यक्त गरिएको छ । छोटा-छोटा वाक्यको प्रयोग गरिएको यस रचनामा सरल सहज भाषाको प्रयोगले गर्दा भाषिक दृष्टिमा पनि यो रचना प्रशंसनीय छ ।

### ३.१.३ तिम्रो घरमा देउता

सशस्त्र द्वन्द्वका बेलामा मृत्युले भरिएको त्रासद समयको चित्रण गरिएको छ । यस अलावा गरिबी र अभावका विभत्स दृश्यहरू पनि यहाँ समेटिएका छन् । सशस्त्र द्वन्द्वका बेलामा गाउँबस्तीमा पसेका देश निर्माणकर्ताहरू नयाँ नेपाल बनाउने नाउँमा जनतालाई दिएको सास्ती व्यथा वेदना, त्रास, भय, असुरक्षित स्थितिसँग सिँगौरी खेल्नु परेको कथा छ । गरिबी र अभावका विभत्स दृश्यहरू जहीं त्यही छरिएका थिए । यस्तै प्रतिबिम्ब उतार्ने उदाहरणहरू थुप्रै छन् । सानिमा भन्छिन् "हेर बाबु धान फलेकै छैन । फुलेकै छैन फापर । परालका कुन्युँ कहाँ देख्नु ? गञ्जकमा परेवा छँदै छैनन् । थेग्न नसक्ने खबर छन्" (१२) । यसैगरी दिदीको वाणी छ- "भाइ लालुपातेमा रङ्ग चढेन । उडेका छैनन् पुतलीहरू । पानी कुल्कुलाएको छैन कुलोमा" (१३) बाली लगाइएका खेतबारीमा परेड खेल्ने, झण्डा गाड्ने प्रवृत्ति थियो । देश बनाउने आश्वासनमा जनताको शोषण गर्ने युद्धका निम्ति तयार हुनु पर्ने स्थिति थियो । धमिलो वातावरणमा जतिखेर जे पनि हुन सक्थ्यो । जनताले देशका निम्ति रगतको महासागर बगाए, आँसुको मुहान सुकाए, त्रास र भयले कति मुटु चिरा परे त्यस्ता परिस्थितिमा जीवन गुजारा गर्नुपर्ने बाध्यता थियो । घरमा रहेका बुढाबुढीको एक मात्रा आस्था भगवान् थियो । त्यो भगवान पनि अब गाउँबस्तीमा नरहेको आफ्ना छोराछोरी बस्ने ठाउँ सहरमा मात्र रहेको महसुस गर्थे । द्वन्द्वको मारमा परेर

कत्तिले ज्यान गुमाए, कति टुहुरा भए, कत्तिको सिउँदाको सिन्दुर पुछियो, कति जिन्दगी भरि कुँजो भए । आखिर जनताले यी सबै गुमाएर के पाए त ? जनताको सामाजिक प्रतिष्ठा गुम्यो, आर्थिक स्थिति गुम्यो, मानव अधिकार गुम्यो, राजनीतिको नाउँमा दुःख पाए । सर्वसाधारण जनताले कहिल्यै जितेनन् नेपालमा केवल हरूवा पिलन्धरे जीवन बाँधिरहे । गाउँघरको अथाहा वेदनाको भगालोलाई “चुपचाप आँखा र खलबल मन” को बिम्बबाट सङ्केत गरेको छ ।

### ३.१.३.१ निष्कर्ष

सामाजिक विषयवस्तुमा लेखिएको यस निबन्धमा सशस्त्र द्वन्द्वका बेलामा गाउँबस्तीमा घटेका दारुणिक घटनाहरू प्रष्टसँग देखाइएको छ । गाउँबस्तीका रुवाइ र आँसु, आहत, घोर उदासी र पीडा, खरानिएको युगमा मानिस र मृत्युको परिपूरकता, मडारिरहेको मृत्युको बादल, अभाव र असुरक्षा, नमीठो दुःखको चेतना, जीवनलाई व्यर्थमा गुमाउनुपर्दाको अनि बचाइलाई भन्दा मृत्युलाई महत्त्व दिने समय देख्नु पर्दाको नेपाली समाजको टीठलाग्दो अवस्थाप्रति विह्वल हुँदै गाउँबस्तीका बुढाबुढी ती बुढाबुढीको एक मात्र आस्था भगवान् जप्नु थियो तर त्यो भगवान् पनि गाउँमा नरहेको आफ्नो छोराछोरी बस्ने सहरमा मात्र रहेको महसुस गर्थे । राज्य र विद्रोही दुई पक्षको हानाहानको अचानोमा परेका नेपालका गाउँबस्तीका अत्यन्त विकराल दृश्यचित्र प्रस्तुत गरिएको यो निबन्धभित्र छोटा-छोटा वाक्यको प्रयोग गरिएका छन् । ती वाक्यहरू- जीवनमा दुःखले हाजिर बजाउँछ । परेलीले नथेग्ने आँसुको भेल । खबरको हतारो छ वस्तीको अनुहारमा । हाम्रा घरमा पिशाच छन् तिम्रा घरमा देउता । यस्ता वाक्यहरूको प्रयोगले निबन्ध सरल, सहज, बुझ्नलाई सजिलो भएको छ ।

### ३.१.४ पुलमुनिको घर

यो बाग्मती सभ्यता र संस्कृतिको सेरोफेरोमा रहेको उपेक्षित मानव जीवनको सामाजिक चित्र खिच्ने मार्मिक रचना हो । काठमाडौँको उत्पत्तिसँगै सभ्यताको परिचय बोकेको बाग्मती र विष्णुमती अहिले दुर्गन्धको अर्को नाउ बन्न पुगेको छ । यही दुर्गन्धित पुलमुलि दुःखहरूको भेल बनेर बाँचेको मान्छेको एउटा सभ्यता छ । त्यसैले गम्भीर चित्र उतार्न निबन्धकार थापाथली

निरैको बाग्मती पुलमुनिको मान्छेको झुपडीमा पुग्छन् । त्यहाँ बाइकट भएको समाज वेदनाको पराकाष्टा मनमा घिन थुकथुकी र हरकले खिन्न तुल्याउँछ । पूलमाथिका सुकिला मान्छेको तुलनामा पुलमुनिका मान्छे दुर्घटना दुखाइ, दुस्कारिएको जीवनसहित सहनशीलता र जीवन युद्धको अनुरागबीच उखर्माउलोसँग बाँचिरहेका छन् । प्रदूषणको त्यो सीमाहीन भूमिमा जीवन र प्रकृतिको विरोधाभाष मात्र होइन गरिबी रिक्तता अभाव र करुणाको सबुत भेटिन्छन् । त्यहाँको जीवन सत्ता राजनीतिदर्शन र सिद्धान्तहरूप्रति लक्षित व्यङ्ग्यहरू हुन् । तिनले यथार्थ सत्य र कटुताको बलिया तस्विरहरू देखाउँछन् । यसरी पुलमुनि बसोबास गर्नेहरूको दलदलतामा छटपटाइरहेको अवस्था ती देश बनाउने नेता भनाउँदाहरू जो पुलमाथि अत्तर छरिएको शरीर लिएर चिल्ला गाडीमा कुद्नेले कहिले पुलमुनि चिहाएको छ त ? पुलमुनि दर्दनाक र परित्यक्त जीवन बिताइरहेका सुकुम्बासीहरूको अवस्थालाई नयाँघरेले एउटा नाटकीयताभित्र यसरी ढालेका छन्- “पुलमाथि सफा पार्ने ब्यानर बोकेका मानिसहरूको जत्था थियो । हुलबीचै एउटा विदेशी संस्थाको नाइकेले लाखौं रूपैयाँको चेक हस्तान्तरण गर्दै थियो- यो सानो सहयोग स्वीकार गर्नुहोस् र सफा पार्नोस नदी । कटकटाउँदो चेकको छायाँ पुलमुनिको घरमा बसिरहेकी त्यो भोकी आइमाईको अनुहारमा पर्‍यो । जो पाँच दिनदेखि अन्न मुखमा हाल्न नपाएर इन्तु न चिन्तुका साथ पसारिएकी थिई” (३६) । पुलमुनिको बस्तीमा हुने महिला हिंसाको एक दृष्टान्त यस्तो छ- “एक बोतल लगाउनेहरूले नाक भाँच्छन् र स्वास्नीका जगल्टा लुच्छन् -औंसी पूर्णेतिर । तर राज्यको सुरक्षाकर्मी आफै पुलमुनि जान अन्कनाउँछ” (३५) । यही विडम्बनापूर्ण अवस्था निबन्धमा छाएको छ । यसमा अँध्यारो जीवनको जिजीविषा र उज्यालो ठानिएको जीवनको समाजप्रतिको दायित्व शून्यता वा स्थायीपनलाई गहनताका साथ संश्लेषण गरी प्रस्तुत गरिएको छ ।

यस निबन्धभित्र नेपाली भूगोलभित्रको ग्राम्य संस्कृति निमुखा नागरिक र फैलियो विशृङ्खल समयको चित्र उतारिएको छ । यो बान्कीलाई हृदयस्पर्शी बनाउन उनको कथ्यमा नैसर्गिक जस्तो भएर आउने नेपालको पूर्वी पहाडका शब्द, पदावली, टुक्का र भाषिक संरचनाहरू नै उनको निबन्धका जीवन्त स्पन्दन हुन् । जस्तैः- थपक्क, टुप्लुक्क, अँठ्याउनु, भक्कानो छुटाउने राजनेताहरूले भनेका हुन्छन्- “कतै भोक, रोग र शोक देख्नु नपरोस् । त्यो देखेको दिनमा प्राण आहुती दिनेछ” (३४) । इन्तु न चिन्तु जस्ता प्रयोगले गर्दा निबन्ध एकदमै सुन्दर बनेको छ । सरल, सहज र भाषिक दृष्टिले पनि यो रचना प्रशंसनीय छ ।

### ३.१.४.१ निष्कर्ष

यो निबन्ध सामाजिक चित्र खिचिएको एक मार्मिक रचना हो । काठमाडौँको बाग्मती र विष्णुमतीको दुर्गन्ध र त्यहाँ विकसित भएको सभ्यता र संस्कृतिको चित्र खिचिएको छ । पुलमुनि विकसित भएको झुपडी बाइकट भएको समाज, वेदनाको पराकाष्टा मनमा घिन, थुकथुकी र हरकले खिन्न तुल्याउँछ । पुलमाथिका सुकिला मान्छेको तुलनामा पुलमुनिका मान्छे, दुर्घटना, दुखाइ, दुस्कारिएको जीवनसहित सहनशीलता र जीवन युद्धको बीच उखर्माउलोसँग बाँचिरहेका छन् । यसरी पुलमुनिको दलदलमा छटपटाइरहेको अवस्था ती देश बनाउने नेताहरू जो अत्तर छर्किएको शरीर लिएर चिल्ला गाडीमा कुद्ने असहायलाई साथ दिन नारा लेखिएको गाडीमा कुद्नेहरूले पुलमुनि नचिहाएको विडम्बनापूर्ण अवस्थाको चित्र उतारेको छ । जस्तै :- पुलमुनि र पुलमाथिको भिन्नताको बारेमा उनी लेख्छन्- “दगुरिरहेछन् गरिबी निवारणका वाणीहरू ... दुःखीहरूका सफल दारिद्रय नाम गर्ने गुरुमन्त्र लम्किरहेछन् । सब दगुराइ, बगाइ, लम्काइहरू, पुलमाथि छन् । पुलमुनिका तन्नम आँखामा तिनको कुनै छायाँ पर्दैन, थोपा पर्दैन” (३३) । कडा शब्द, वाक्य छोटा तिखा र वजनदार बनाएर यो निबन्ध मार्फत् शोषक र शोषितको रेखालाई छर्लङ्ग देखाइदिएका छन् ।

### ३.१.५ सट्टापट्टा

यो निबन्ध मोटर साइकल बिग्रेर वर्कसपमा पुगेको प्रसङ्गबाट प्रारम्भ भएको छ । काम भनेको कामै हो । जसले गरे पनि हुन्छ । लोग्नेले गरेकै पेसालाई अँगाल्ने एउटी टायरवाल्नीको केन्द्रीय प्रसङ्गबाट पुरुषको स्थान नारीले लिन सक्ने र नसक्ने स्थितिमाथि यसमा प्रस्तुत गरिएको छ । निबन्धकार शक्ति र बलमा आधारित पेसामा पुरुषको स्थान नारीले लिन सक्ने तर मन, हृदय वा आन्तरिक-सिर्जनाशक्ति वा प्रतिभाका क्षेत्रमा त्यस्तो भएको देख्न पाइँदैन भन्दै निबन्धकार भन्छन्- “टायर फेर्नु, नेता हुनु, साइकल घिच्याउनु वा प्रिन्सिपल हुनु तागतले श्वास फेर्ने कुरा हो ... तर गीत गाउनु, सूर भर्नु, निबन्ध लेख्नु वा चित्रमा रङ्ग भर्नु प्रतिभाले प्वाँख फडफटाउनु हो” (४७) । यो अभिव्यक्ति मार्फत निबन्धकारले तार्किक ज्ञान र संज्ञानात्मक ज्ञानका बीचमा

रहने भिन्नतालाई देखाउन खोजेका छन् । लैङ्गिक समानता चलेको वर्तमान सन्दर्भमा नारी पुरुषको सहयात्रा र पुरुषको स्थान नारीले लिन सक्ने विविध पुरुषको सहयात्रा र पुरुषको स्थान नारीले लिन सक्ने विविध स्थितिलाई केलाइएको छ अनि अरू कुरामा पुरुषलाई नारीले विस्थापन गर्न सक्लान् तर प्रकृतिप्रदत्त जन्मजात प्रतिभाका क्षेत्रमा यस्तो गर्न सम्भव छैन । त्यसैले प्राकृतिक, नैसर्गिक प्रतिभाका सट्टापट्टा नारी पुरुषबीच हुन सक्दैन भन्ने जीवसत्य यसमा व्यक्त भएको पाइन्छ । यस निबन्धको भाषाशैली सरल, सहज रहेको छ । छोटा-छोटा वाक्यको प्रयोग, सङ्क्षिप्त कथन, साङ्केतिक आशय साथै मौलिकता रहेकाले यो निबन्ध अत्यन्तै सुन्दर रहेको छ ।

### ३.१.५.१ निष्कर्ष

सामाजिक विषयवस्तुमा लेखिएको यस निबन्धमा समाजमा नारी र पुरुषबीच भएको समानता र भिन्नताका बारेमा प्रष्टसँग देखाइएको छ । लोग्नेले गरेको पेसालाई नै अँगाल्ने स्वास्नी मोटरसाइकल वर्कसपमा टायर मर्मत गर्दै गरेको बेलामा लेखक त्यही पुगेको प्रसङ्गलाई देखाइएको छ । यस सम्बन्धमा लेखक शक्ति र बलमा आधारित पेशामा पुरुषको स्थान नारीले लिन सक्ने तर मन, हृदय वा आन्तरिक सिर्जना शक्ति वा प्रतिभाको क्षेत्रमा यस्तो हुँदैन भन्दै त्यस्ता नेपाली साहित्इकार कलाकारका पत्नीहरूको दृष्टान्त अघि सारेको छ । छोटा-छोटा वाक्यको प्रयोगले वाक्य नै काव्यात्मक रहेको छ । सरल, सहज भाषाशैलीको प्रयोगले निबन्ध सुन्दर बनेको छ ।

## ३.१.६ जिउँदाको कुरा काट्दै

प्रस्तुत निबन्धको विचार सूत्र 'मरेको मान्छेको नि के कुरा गर्नु' हो । यसकै केन्द्रीयतामा लेखकीय विचार, चिन्तन, समाज चिन्तन, इतिहास चिन्तन र जीवन चिन्तन मानवीय मूल्य निरूपणको निम्ति आकार पाएको छ । यहाँ समाजमा असल कार्य गरेर मरेका व्यक्ति मानिसप्रति अवमूल्यनका र अनास्थाका शब्द निकाल्नेप्रति निबन्धकारका असहमति साथ निस्केका वैचारिक उत्तेजना र उत्प्रेरणाका स्वरले स्थान पाएका छन् । बाँच्नु भरिको मान्छेको अर्थ मात्र खोज्ने त्यस बिझाउने भनाइले कत्ति सम्म ती महान व्यक्तिहरूको हृदयमा चोट पुऱ्याउँछ त ? जीउँदाको मात्र

महत्त्व हुने भए सारा समाज र सभ्यताको प्राचीनतम मूल्य के ? संसारमा विशिष्ट कार्य र योगदान गरी मरेर बाँचेको कथालाई बिर्सन कसरी सकिन्छ त ? सबै मरेकाहरूलाई विस्मृतिमा राख्न खोज्नु अस्तित्वको दृष्टिले घोर अनाचार, धोका र छल मात्र हो । मृत्युपछि जीवनमूल्यलाई अस्वीकार गर्नु सभ्यता विरुद्ध गतिविरुद्ध हो । हरेक मृत्युले छोडेको हुन्छ एउटा स्निग्धता त्यो रिक्तता अघि गति र कार्यलाई नसम्भिनु त ज्यादै नसुहाउने कुरा हो । समाजका हरेक क्षेत्रका नेतृत्व कर्ताहरूले पाएको जग प्रसिद्धिलाई हामीले कसरी भुल्न सकिन्छ र ? महान् व्यक्तिहरू जसले महान्कार्य गरेर मरेका छन् । देशका लागि जनताका लागि इतिहासका पाताहरू तिनै महानहरूको कार्यले ढाकिएको छ । ती इतिहासका पानालाई नपल्टाउनु कसरी ? के तिनीहरू मरेर पनि साँचो अर्थमा अमर छैनन् र ? यस्ता महान् व्यक्तिहरूलाई भुल्ने त सोभो बाटोमा हिँड्नेहरू मात्र हुन्छ कि तिनीहरूले आफूले आफैलाई बिर्सेका हुन्छन् । मरेकाहरूलाई बिर्सेर बाँच्नेहरूले आत्म सम्मान पाउँदैनन् । जिन्दगीको अर्थ बुझेर पनि बुझ पचाउनेहरूका लागि यो कसिलो व्यङ्ग्य हो । मानिस जिउँदो हुँदै उसको गुणगान गाउनुपर्छ । संसारमा विशिष्ट कार्य र योगदान गरी मरेका मान्छेको अस्तित्वलाई जिउँदाहरूले भूल्न हुँदैन भन्ने भाव व्यक्त गरिएको छ । निबन्धको भाषाशैली सरल, सहज र काव्यात्मक रहेको छ । छोटा-छोटा वाक्य र ठेट नेपाली शब्दहरूको प्रयोग जस्तै :- गाँठी, कठै, ठोकठाक, कसकास, फूइँ झटाझट, लठुवा जस्ता शब्दहरू प्रयोग गरिएका छन् । त्यस्तै :- “मेरो घर नगरकोट । मामाघर कालिमाटीमै बसेर पढ्थेँ । ऊ नि त्यहीँ पढ्थ्यो । हामी एउटै कक्षाका साथी । मन मरेपछि किन छुट्टिने ? अनि माग्यौँ ।” यस्ता छोटा-छोटा वाक्यहरूको प्रयोगले निबन्ध भाषिक दृष्टिले पनि उत्कृष्ट बनेको छ ।

### ३.१.६.१ निष्कर्ष

यो सामाजिक विषयवस्तुमा लेखिएको मार्मिक निबन्ध हो । समाजमा असल काम गरेर मरेका व्यक्तिप्रति अवमूल्यनका र अनास्थाका शब्द निकाल्नेप्रति निबन्धकारका असहमति साथ निस्केका वैचारिक उत्तेजना र उत्प्रेरणाका स्वरले स्थान पाएको छ । मरेका मान्छेको कुरा नगर्ने हो भने कसरी पूर्ण हुन्छ इतिहास ? समाजमा असल काम गरेर मर्ने

व्यक्तिहरूलाई जिउँदा हुँदै उसलाई मान सम्मान गर्नुपर्छ तर हाम्रो समाजमा त्यस्ता असल काम गर्ने व्यक्तिहरू मरेर गएपछि मात्र गुनगान गाउने चलन रहेको हुँदा त्यस्तै विस्मृतिको तानावाना बुन्नेहरूप्रति यो कसिलो व्यङ्ग्य हो । यही विषय र महत्त्वलाई नजान्नेहरूले भनेका होलान् - "मरेका मान्छेको नि के कुरा गर्नु ५०" । यस्ता चोटिला वाक्यहरूको प्रयोग गरिएको साथै छोटा-छोटा वाक्य सरल, सहज भाषाशैलीको प्रयोगले निबन्ध व्यङ्ग्यात्मक भए पनि बुझ्न सजिलो भएको छ । त्यस्तै यस निबन्धमा जन्मदातृ आमा, राजनीतिक नेतृत्वकर्ता संस्कृति वा सामरिक रूपान्तरणका निम्ति बलिदानी गर्ने जो कोहीलाई पनि बिर्सन नहुने भन्ने आध्यात्मिक भाव यहाँ व्यक्त भएको छ ।

### ३.१.७ ध्वाँसोमुनि डेरिडा

यस निबन्धमा गाउँबाट मीठो सपना बोकेर सहर पसेको विपन्न विद्यार्थी दयानिधि सहरबाट टाढा गाउँमा डेरा गरी बसेको सन्दर्भलाई पक्रेर उपेक्षित मानव जीवनको रेखाचित्र कोरिएको छ । निबन्धकार नयाँघरे प्रस्तुत निबन्ध सङ्ग्रहभित्र वर्तमान युगको हेपिएको, दबिएको मानव जीवनको वा मूलकेन्द्रबाट उछिटिएको मान्छेको खोजीमा केन्द्रित छ । त्यसै हुँदा उनी विश्वकै सभ्य र सम्पन्न ठानिएको यूरोप-अमेरिकाका दुनियाँमा तिरस्कृत अपहेलित, सीमान्तकृत चिन्तक ज्याक डेरिडाको बिम्बमा गरिब दयानिधिलाई उपस्थित गराउँछन् र त्यस्ता व्यक्तिले भोग्नु परेको पीडा, व्यथा र उपेक्षाको उद्घाटन गर्दछ । दयानिधि काठमाडौँको एउटा गाउँमा सस्तो घरवहाल तिरेर पढ्न बस्नु र भोलिको मीठो सपनाको तान बुन्नु उनको चाहना थियो तर त्यसको विपरीत त्यहाँको महँगी, असमानता ठूलाबडाको हेपाहा प्रवृत्ति, उपेक्षित भएर उसको इच्छा, चाहना धुजाधुजा भएको छ । विश्व विख्यात उत्तरआधुनिकतावादका एक चिन्तक ज्याक डेरिडाको चिन्तन र साहित्य पढ्नु उनको दैनिक कार्य भएको थियो । उसले नेपाली डेरिडाको प्रतिनिधित्व गरेको छ । वास्तवमा ऊ नेपालको डेरिडा नै किन भए त ? उसलाई नेपाली डेरिडा बनाउनमा कस्को ठूलो हात छ त ? के निमुखालाई बचाउने शासन कतै छैन ? निरङ्कुशताप्रिय राजनीतिक

व्यवस्थाले उसप्रति हाँसो उडाएको छ। सभ्य र सुसंस्कृत ठान्ने सहरी सभ्यता र संस्कृतिको अधिनायकतावादी केन्द्रले घोर उपहास र तिरस्कार गरेको छ । युरोपमा जसरी आप्रवासी भनेर ज्याक डेरिडालाई हेर्ने मूल संस्कृतिबाट अस्वीकृत र तिरस्कृत गर्ने मूलधार संस्थापन पक्ष केन्द्रित पक्षका अर्थका पक्षधरहरूलाई आफ्ना क्रान्तिकारी दार्शनिक साहित्यिक र कलागत आदि चिन्तनद्वारा विनिर्माणवादी सिद्धान्त स्थापना गरेर केन्द्र ध्वस्त बनाई नवकेन्द्र निर्माणको आँधीबेहरी सिर्जना गरे । त्यसरी नै नेपालको डेरिडा पनि समाजमा प्रचलित निरङ्कुशता र हत्याराहरूको सत्ताको उन्मादी राजनीतिक चरित्रको अन्त्य गर्नेका लागि नयाँ मान्यताको उकालीमा लाग्दै आफू हुनुको पुरुषार्थ प्रमाणित गर्न क्रान्तिकारिता अँगाल्छ । आखिर लडाइँको सन्त्रास सानाहरूका लागि जहिले रहेछ । उसले सनकीहरूले च्वाँखे थाप्ने राजनीतिको रोगव्याधिभित्र अन्त्यहीन भविष्यको दिशाहीन उत्तर शून्यतामा सुनसानको उकुसमुकुस भोगेको छ । यहाँ नेतृत्व वर्गले गरेको शोषण, दमन, अत्याचार, अमानवीय व्यवहार जस्ता सामाजिक विभेदलाई सङ्केत गरिएको पाइन्छ । यसरी निबन्धकारले नेपाली समाजको वर्तमान अर्थलाई ज्याक डेरिडाका प्रतीक बनेका दयानिधिका बिम्बबाट विनिर्माण गरेर हेरेका छन् । भाषाशैली सरल, सहज, व्यङ्ग्यात्मक भए पनि सजिलै बुझिने खालको रहेको छ ।

### ३.१.७.१ निष्कर्ष

यस निबन्धको विषयवस्तु सामाजिक रहेको छ । गाउँबाट मीठो सपना बोकेर सहरमा पढ्नका लागि आएको विद्यार्थी दयानिधि सहरबाट टाढा गाउँमा डेरा गरी बसेको र निरङ्कुशतावादी राजनीतिक शासनको कारण दमन शोषणमा परेको आफूले सोचे जस्तो नभएको तिरस्कृत अपहेलितको साथमा महँगी असमानताको सामना मात्र गर्नु परेको कुरालाई देखाइएको छ । घरको आर्थिक अवस्था अत्यन्तै नाजुक भए पनि ऊ डिग्रीको प्रमाणपत्र प्राप्त गर्न चाहन्छ । जुन उसको गरी खाने भाँडो हो । यो नामान्तरित डेरिडाले

थुप्रै निम्नमध्यम वर्गीय नेपाली युवाहरूको स्थितिलाई प्रतिनिधित्व गर्दछ । हन्डरै हन्डरको जीवन भोगेर उनीहरू महानगरभित्र रुमलिएका छन् । यो कालखण्डका उर्ध्वगामी सोच भएका तर साधन र स्रोतको अभाव भएका कैयौँ शिक्षित युवाहरूको मनोदशा, उनीहरूको विवशता र निरिहतालाई यो निबन्धमा नयाँघरेले काव्यिकताको उच्च शिल्पद्वारा प्रस्तुत गरेका छन् ।

### ३.१.८ सडकस्वाद

यस निबन्धमा सडक बालबालिकासँग दसैंको भोज खाएको प्रसङ्गसँगै भोकले रन्थनिएपछि मान्छेले गर्न बाँकी केही नराख्दो रहेछ भन्ने कुरा देखाइएको छ । गरिबीले ग्रस्त समाजको भेदभाव र असमानतामा अडिएको जीवनको मार्मिक तस्विर उतार्ने निबन्ध हो । काठमाडौँको सडकमा सम्पन्न र विपन्न सडक बालबालिकासित एकसाथ सहभोग गरेको स्वानुभूति व्यक्त गर्दै समाजमा गरिब र धनीका बीचको नमेटिने दूरी देखाएर, भोक, जीवनमा कति बलशाली हुन्छ भोक टार्नका निम्ति मान्छे कतिसम्म गर्न बाध्य हुनु पर्दोरहेछ भन्ने कुरा यस निबन्धमा प्रस्ट देखिन्छ । खानदानी हुँ भन्नेहरूलाई खानै पाएनौं भन्नेहरूसित एकै ठाउँमा राखेर भोज गरेकाले लेखकले भोकाहरूको वास्तविकता र धनी मानिसहरूको विपन्नहरूप्रतिको हेय पक्षपातपूर्ण र अन्यायपूर्ण दृष्टिलाई दाँज्न पाएका छन् । भोकले आक्रान्त पारेपछि ती सडक छाप बालबालिकाको निम्ति र आफ्नो निम्ति केसम्म गर्दा रहेछन् त उदाहरण- “बान्ताका छोक्रा आफू खाँदै बच्चालाई खुवाइरहेको छ त्यो लट्टे आइमाई” (७५) । त्यस्तै नारीहरूले भोक टार्नको निम्ति बेश्यावृत्तिमा लाग्न विवश चेलिबेटीका बाध्यात्मक कर्मको बयान गरिएको छ । जस्तै :- बिहान, दिउँसो र बेलुकी भात टन्न खान दिएपछि सारा काम धन्दा गर्ने वर्ग साबुत छ हाम्रो समाजमा” (७७) । त्यस्तै सानीमाको चुटाइ र रक्स्याहा बाबुको पीडा भोगेर भात खान सहर पसेका बालबालिकाको कथा छ । यस निबन्धमा भोकाहरूका नाममा अघाएकाले हसुर्ने आम राजनीतिक प्रवृत्तिप्रति

निबन्धको चर्को असन्तोष रहेको छ । देशका शासकहरूले भोकाहरूका लागि विभिन्न आश्वासन देखाएर युद्ध गर्छन् आफ्नै पेट भर्न मात्र जसको बल बढी छ उसैले जित्छ । अनि कसरी पुरिन्छ भोकाएका र अघाएकाहरू बीचको खाल्डो ? असमानताको सीमा कतिसम्म गहिरिएको छ । के ती देशका असल शासक भनाउँदाहरूको कति धेरै बुच पचाएका होलान् ? आजसक्म्म संसारमा जति युद्ध भए ती भोक्कै आडमा भए पनि अझसम्म वास्तविक भोकाहरूका लागि साँचो युद्ध नगरिएको तथ्यलाई खुलस्त पार्ने कलात्मक प्रयास निबन्धकारले यस निबन्धमा व्यक्त गरेका छन् ।

### ३.१.८.१ निष्कर्ष

सामाजिक विषयवस्तुमा लेखिएको यस निबन्धमा गरिबीले ग्रस्त समाजको भेदभाव र असमानतामा अडिएको जीवनको मार्मिक तस्वीर उतारिएको निबन्ध हो । काठमाडौँको सडकमा सम्पन्न र विपन्न सडक बालबालिकासित एकैसाथ सहभोग गरेको स्वानुभूति व्यक्त गर्दै समाजमा गरिब र धनीबीचका नमेटिने दूरी देखाएर भोक जीवनमा कत्ति बलशाली हुन्छ र भोक जीवनमा कति बलशाली हुन्छ र भोक थार्नका निम्ति मान्छेले कतिसम्म नराम्रा काम गर्नुपर्ने र अरूले खाएर फालेको भातको सीता खोजेर खानुपर्ने बान्ताको छोक्रा आफू खाँदै आफ्ना बालबालिकालाई खुवाउनुपर्ने स्थिति यस निबन्धमा देखाइएको छ । सडकछाप जिन्दगी बाँचिरहेको काठमाडौँको खाते जिन्दगीका अनगिन्ती प्रश्नहरूभित्र भोक, अभाव र गरिबी छ । पहाड, गाउँघर जताततै भोकैभोकको सन्त्रास छ । आडम्बरको आवरण भिरेको काठमाडौँले भोककै नेतृत्व गरिरहेछ । हजारौँ भोकभित्रको एउटा स्वाद र भोकको खेती कस्तो रहेछ त ? यिनै कुराहरू यस निबन्धमा मार्मिक तरिकाले सरल, छोटा-छोटा वाक्यको प्रयोग गरिएको एक सशक्त निबन्ध हो ।

### ३.१.९ चूराको छलाङ

रुग्ण संस्कारलाई झटारो हान्न नारीको श्रमको सम्मान गरिएको सामाजिक विषयवस्तुमा लेखिएको यथार्थको चित्रण गरिएको निबन्ध हो । नारीप्रतिको आस्था समाजमा विद्यमान नारी पुरुष बीचको असमानतालाई हटाउन वर्तमान समयमा महिलाहरू अगाडि बढ्ने प्रयास गरेका छन् । परम्परित नेपाली समाजमा नारीप्रति प्रशस्त अन्धविश्वास रहेका थिए तर वर्तमानमा त्यस्ता परम्परित धारणामा ह्वात्तै परिवर्तन हुनुपर्ने र छलाङ मार्नु पर्ने धारणा अघि सारिएको छ । परम्परागत अन्ध विश्वासमा परेकाहरूले परसरेकी बहिनीलाई हेर्न नहुने परिवार नियोजन गरेका महिलाले पिण्ड दिन नहुने जस्ता अन्धविश्वासलाई नकारी वर्तमानमा आएर त्यस्ता प्रथालाई तोड्न नारीले सैलुन खोल्ने, टेम्बो चलाउने, हलो जोत्ने जस्ता पुरुषले मात्रै गर्ने ठानिएका काम गर्न थालेको हुँदा नेपाली महिलाको सोच र व्यवहारले छलाङ मार्न थालेको छ । समाजमा विद्यमान नारी पुरुषबीचको असमानतालाई हटाउन वर्तमान समयमा महिलाहरू अगाडि बढ्ने प्रयास गरेका छन् । हाम्रो समाजमा नारीले नारी भएकै कारणले पुरुषद्वारा गरिने शोषण, दमन, अत्याचार, उत्पीडन, भेदभाव, हिंसा, व्यभिचार, सन्त्रास, सहेर बस्नु परेको र स्वतन्त्रता विहिन भई बाँच्नु परेको कटु यथार्थको नालीबेली लैङ्गिक समानता र सचेतता बढाउने निबन्ध हो । परिवर्तनका बहाक नारीले युग सुहाउँदो नवीन संस्कृति र सभ्यताको निर्माणमा जोड दिनैपर्छ । यो महिलाहरूको चुनौती र समानताको पाठ सिकाउने निबन्ध हो । सरल, सहज, भाषा शैलीको प्रयोग गरिएकाले छ । जस्तै :- श्रमको कदर, सीपको सम्मान, पसिनाको पूजा, समर्पणको श्रद्धा, कर्मको आदर जस्ता वाक्यको प्रयोगले निबन्ध सुन्दर बनेको छ ।

#### ३.१.९.१ निष्कर्ष

सामाजिक विषयवस्तुमा लेखिएको एक उत्कृष्ट निबन्ध हो । समाजमा विद्यमान लैङ्गिक भेदभाव हटाउन वर्तमान समयमा महिलाहरू अगाडि बढेको अवस्थालाई देखाइएको छ । यस्ता भेदलाई तोड्नका लागि महिलाहरूले सैलुन खोल्ने, टेम्पो चलाउने, हलो जोत्ने

जस्ता पुरुषले मात्रै गर्ने ठानिएका काम गर्न थालेको हुँदा नेपाली महिलाको सोच र व्यवहारले छलाङ मार्न थालेको यथार्थ चित्रण गरिएको छ । व्यङ्ग्यात्मक शीर्षक छोटा-छोटा वाक्य, सरल भाषाशैलीको प्रयोगले निबन्ध सफल बनेको छ ।

### ३.१.१० पैराको धावा

यस निबन्धमा निबन्धकार यात्राको क्रममा त्रिशुलीको राम्चे भन्ने गाउँमा पुगेको त्यही गाउँको रोपैनी बूढी आमाको झुपडीमा बास बस्न पुगेको दृश्य छ । बूढीआमाको सानो भट्टीपसल त्यही भात खाएको बूढी आमाले भट्टी पसल चलाएर जीवन गुजारा गरिरहेको अवस्था छ । पहाडको फेदिको बसाई एक्लो जिन्दगी आँसुबीच जुवारी खेल्दै त्रिशुलीको सेतो फिंज हेर्दै जिन्दगी बिताइरहेको दारुणिक जीवन छ । भीरको छेवैमा रहेको तामाङ्नी बज्यैको पसल यस्तो छ- "एउटा ढुङ्गा गुडायो कि तल त्रिशुलीमै भ्वाम्म । कति पटक त काट्दाकाट्दैको आलु, प्याज गुँडुल्किएर खसेका छन् नदीकै ककारोमा" (९२) । प्राकृतिक बनावटको जटिलताले गर्दा कति खेर के हुने हो निश्चितता छैन । प्राकृतिक प्रकोपको त्यो जटिलतासँगै जीवनको सुसेधन्दा गर्न बाध्य हुनु पर्ने स्थिति रहेको छ । पहाडको खोजमा घाम कति बेला उदाएर अस्ताउँछ कुहिरोको त्यो खातले पत्तै नपाइने स्थिति छ । पहाडको रातोमाटोमा उब्जनी कम हुने ठाउँमा दुःख जति गरे पनि भने जति उपलब्धि हुन नसक्ने कम हुने ठाउँमा दुःख जति गरे पनि भने जति उपलब्धि हुन नसक्ने आर्थिक जुटाउने अरू कुनै स्रोत नभएको दुःखको दारुणिक चित्र मुहारमा प्रष्टैसँग देखिन्छ । दिनमा कैयौँपटक कुहिरोको मुस्लोले राम्चेलाई छोएर जान्छ त्यस्तै मामको जिन्दगी कुहिरोले छोपेको पहाड जस्तै भएको छ । दुःख व्यथा, वेदना बीच एक्लो जिन्दगी बिताउनु परेको छ । बोल्ने साथी पनि कुखुरा र भेडाबाखा मात्र रहेको छ । यस्तै बेलाबेलामा गइरहने पैरोले मामको मुटु कटक्क खान्छ । जीन्दगी यसरी नै गुजारा चलाउँदै जाने क्रममा निबन्धकारले मामलाई भेटेको तीन वर्षपछि प्राकृतिक प्रकोपले माम सहित राम्चे नै सखाप बनाइदिन्छ । दुःखले पनि ठाउँ खोज्छ भने झै भयो । यस निबन्धमा हिमाली, पहाडी, भेकका मानिसहरूले

कतिसम्म प्राकृतिक, मानसिक, शारीरिक, आर्थिक अवस्थासँग सिगौरी खेल्नु पर्दा रहेछ भन्ने कुरा प्रष्टसँग देखाइएको छ । छोटा-छोटा वाक्यको प्रयोग गरिएको यस निबन्धमा स्वाँठ, झ्वाइम्य, गुटुगटु, छपक्क, ठ्याम्मै, झ्वाम्म, घरक्क जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगका साथै थिलथिलाउनु, रड्मरिएर, लर्घानु जस्ता टुक्काको प्रयोगले निबन्ध झनै सुन्दर बनेको छ ।

### ३.१.१०.१ निष्कर्ष

सामाजिक विषयवस्तुमा लेखिएको यस निबन्धमा त्रिशुलीको किनारमा बसोबास गर्ने शेर्पेनी मामको जीवन गाथा रहेको छ । पहाडको फेदको बसाइ घाम नलाग्ने ओसिलो ठाउँमा उब्जनी नहुने ठाउँ वर्षाद्को बेला परेको पानीले कतिबेला के हुने हो थाहा छैन । यस्तो परिस्थितिमा एक्लो जीवन गुजार गरिरहेको छ । त्रिशुलीको सेतो फिंज हेर्दै कुखुराको चल्लाहरूसँग बात मार्दै जिन्दगी बिताइरहेको मामको अवस्था छ निबन्धकार त्यही घरमा बास बस्न पुगेको तर विडम्बना मामलाई भेटेको तीन वर्षपछि पहाडको पैराले सम्पूर्ण गाउँ सहित मामलाई नै बगाएर लगेको स्थिति छ । हिमाली, पहाडी भेकका मानिसहरूले भोग्नुपरेको प्राकृतिक, मानसिक, शारीरिक र आर्थिक अवस्थाको चित्रण गरिएको एक उत्कृष्ट निबन्ध हो । सरल, सहज भाषाशैलीको प्रयोग गरिएको साथै स्वाँठ, झ्वाश्य्य, गुटुगुटु, घरक्क जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले निबन्ध सुन्दर बनेको छ ।

### ३.१.११ जयमाया अर्थात् नेपालीहरु

सामाजिक विषयवस्तुमा लेखिएको यस निबन्धमा आर्थिक कमजोरीका कारणले जयमाया जस्ता नेपालीहरुले प्रवासमा बसेर भोग्नु परेको समस्यालाई स्पष्ट रुपमा देखाइएको छ । छिमेकी देश भारत, भूटान, बर्मा वा अन्य देशमा गएर असीम, अथाह र अपार पसिना, रगत बगाएर पनि नेपालीहरुले असह्य, आघात, पीडा, अभाव र अस्थिरता माझ अपरिचय मै जीवन बिताउन बाध्य भएको छ । यहाँ जयमायालाई मेची तरेर विदेशिनु र उतै भासिन उक्साउँदै तर स्वदेशिन कहिल्यै आकर्षित गर्दैन ? यस क्रममा निबन्धकारले

जयमायाको मानसिकता र पीडाका गहिराइबाट वर्तमान नेपाल, नेपाली र विश्वमा छरिएका आप्रवासी नेपालीहरुको जिउँदो चित्र उतारेका छन् । यहाँ व्यक्ति मात्र होइन राष्ट्रिय चिन्तनका विषयवस्तुहरु र अन्तर्राष्ट्रिय परिवेशले गर्दा नेपाल र नेपालीहरुलाई हुन सक्ने सम्भाव्य खतराप्रति बेलैमा सजग हुन आम नेपालीहरुलाई निर्देशन समेत गरेका छन् । सरल भाषाशैलीको प्रयोगले निबन्ध बुझ्न सजिलो रहेको छ । साथै खितित, ऐठन, भुङ्ग्रो, ख्वाप्प, स्वाँस्वाँ, फर्लङ जस्ता ठेट नेपाली शब्दहरुको प्रयोग गरिएका छन् । बीच-बीचमा टुक्काको पनि प्रयोग गरिएको छ । जस्तै :- अरर्रिनु, झस्याङफस्याङ हुनु, ट्वाल्ल पर्नु, धुजा-धुजा हुनु जस्ता टुक्काको प्रयोगले निबन्ध अझ बढी सुन्दर बनेको छ ।

### ३.१.११.१ निष्कर्ष

सामाजिक विषयवस्तुमा लेखिएको यस निबन्धमा आर्थिक संकटले सतायोपछि जयमाया जस्ता नेपालीहरूले प्रवासमा गएर भोग्नु परेको समस्यालाई यहाँ चित्रण गरिएको छ । छिमेकी देश भारत, भुटान, बर्मा जस्ता देशमा गएर असिम, अपार, पसिना रगत बगाएर पनि नेपालीहरूले असह्य आघात, पीडा, अभाव र अस्थिरता माझ अपरिचयमा नै जीवन बिताउन बाध्य भएको नेपालीहरूको कथा छ । मेची तरेर जाने प्रत्येक हिउँदका जयमायालाई देखे पनि मेची तरेर नेपालमै फर्कने जयमायालाई नभेटेको चर्चा गर्दै राष्ट्रिय चिन्तनका बारेमा यस निबन्धमा व्यक्त गरिएका छन् । आम्मै, फुस्स, टक्क, ठोस्नु, ट्वाल्ल, फर्लङ जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले निबन्ध सुन्दर बनेको छ ।

### ३.१.१२ सुनचराको दान दिए

सामाजिक विषयवस्तुमा लेखिएको यस निबन्धमा नेपाली समाजमा नारीलाई हेर्ने दृष्टिकोणका बारेमा देखाइएको छ । म पात्र ट्याम्पु चढ्न खोज्दा कुनै पनि तिजे महिलाका हातका चुरा झ्याप झुरूप फूटेपछि ट्याम्पू भित्रका महिलाहरूले उनीमाथि गरेको गाली, अपमान, घृणा, सत्तो, सराप जस्ता प्रसङ्ग बनाएर आफ्ना नारीप्रतिका विचार निबन्धकारले

व्यक्त गरेका छन् । उनी आफू जस्तो महिलाप्रति अत्याचार गर्नेहरूलाई चिनेर तिनका विरुद्ध जाइलाग्नु पर्छ । एक्काइसौं शताब्दीका महिलाहरू अब यस्ता चुरा फुट्याउने, हत्याराहरू, अपारधीहरू षड्यन्त्रकारीहरू जस्ता व्यक्तिहरूलाई घृणा र सत्तोसराप गर्नुपर्छ । यस्ता नारीहरूप्रति हेर्ने दृष्टिकोणबाट छुट्कारा दिलाउन राष्ट्रिय स्तरबाटै सुरक्षा स्थिति निर्माण गर्नुपर्छ । यसरी प्रस्तुत निबन्धले निबन्धकारका नारीप्रतिका दृष्टि र एक्काइसौं शताब्दीका नेपाली नारीहरूले गर्नुपर्ने चेतनशील नारीहरूबारे स्पष्ट पार्दै देशका विसङ्गतिप्रतिका विचारहरूलाई तर्कपूर्ण ढङ्गमा राखेको छ । व्यङ्ग्यात्मक प्रस्तुति भए पनि सरल भाषाशैलीको प्रयोगले निबन्ध सुन्दर बनेको छ । ठाउँ-ठाउँमा उखान टुक्काको प्रयोग पनि गरिएको छ । जस्तै :- 'चोरलाई चौतारो र साधुलाई सुली (१६१) । "सुनारको सयचोट भन्दा लोहारको एक चोट (१६१) । यस्ता प्रयोगले निबन्ध अझ सुन्दर बनेको छ ।

### ३.१.१२.१ निष्कर्ष

यस निबन्धमा नेपाली समाजमा नारीलाई हेर्ने दृष्टिकोणका बारेमा देखाइएको सामाजिक निबन्ध हो । म पात्र ट्याम्पूमा चढ्न खोज्दा कुनै तिजे महिलाका हातका चुरा झ्यापझुरूप फूटेपछि ट्याम्पू भित्रका महिलाहरूले उनीमाथि गरेको गाली अपमान, घृणा आदि प्रसङ्ग बनाएर नारीप्रतिको विचार निबन्धकारले व्यक्त गरेका छन् । त्यस्ता अत्याचार गर्ने पुरुषमाथि जाइ लाग्नुपर्छ । समाजमा महिलाहरूप्रति हेर्ने पुरुषहरूको कुदृष्टि, कुविचारलाई यस एक्काइसौं शताब्दीका महिलाहरूले सहेर बस्न नहुने त्यसको उछितो काट्नुपर्छ भन्ने भाव व्यक्त गरिएको छ । निबन्धको बीच-बीचमा ठेट नेपाली शब्दहरूको प्रयोग पनि गरिएको छ । जस्तै :- सरक्क, छपक्क, ढपक्क, झ्याम्म, झपक्क जस्ता शब्दहरूको प्रयोगले निबन्ध अझ सुन्दर बनेको छ ।

### ३.१.१३ धने बौलाहा र डिस्को

सामाजिक विषयवस्तु रहेको यस निबन्धमा उच्च वर्गका व्यक्तिहरूले निम्न वर्गका व्यक्तिहरूमाथि विभिन्न बहानामा शोषण गरिरहेको यथार्थ चित्रण पाइन्छ । समाजमा व्द्यिमान परिस्थितिमा बाँचिरहेको गरिब, असहाय, अनाथ, शोषित र बेवारिसे धने र डिस्को नामका निम्न वर्गीय व्यत्तिःमाथि उच्चवर्ग, धनि व्यक्तिहरूले सधैँ थिचोमिचो गर्ने फुइँ लगाउने सहरीमा नेपाली समाज कति शोषण, अन्याय, अत्याचार, भेदभाव, तिरस्कार र घृणित व्यवहार गर्छ भन्ने कुरा यस निबन्धका दुई पात्र धने र डिस्को मार्फत् देखाइएको छ । “आँसुको तेलमा गरिबीको बत्ती बालेर डिस्को र धनेले जीवन रित्याइसके- हात सेक्ने टोलबासीहरूको सङ्ख्या छ बढेको बढेकै” (१७८) । यस्तो परिस्थितिमा आँसु पिएर बाँच्नु परेको नचाहेरै पागल बन्नु परेको छ । जीवन जिउनुको अर्थ भित्र रहेको दुःख, वेदना, पीडा, छट्पटी अझै कति सहेर बाँच्नु पर्ने सभ्यता तल्लो स्तरका नेपालीहरूको यी र यस्तै दुःखद् घटनाहरू यस निबन्धमा मार्मिक रूपमा देखिन्छ । सरल, सहज भाषाशैलीले गर्दा निबन्ध एकदमै सुन्दर बनेको छ ।

#### ३.१.१३.१ निष्कर्ष

सामाजिक विषयवस्तुमा लेखिएको यस निबन्धमा उच्चवर्गका व्यक्तिहरूले निम्न वर्गका व्यक्तिहरू माथि विभिन्न बहानामा शोषण गरिरहेको यथार्थ चित्रण पाइन्छ । यसको प्रत्यक्ष भोक्ता, धने र डिस्को नामको दुई व्यक्ति छन् । उनीहरूले सहनु परेको धनी सहरिया व्यक्तिहरूको अत्याचार, थिचोमिचो, भेदभाव, तिरस्कार, घृणा जस्ता अमानवीय व्यवहारलाई यहाँ प्रष्टसँग देखाइएको छ । सरल, सहज र काव्यात्मक भाषाको प्रयोगले यो निबन्ध एकदमै सुन्दर बनेको छ ।

### ३.१.१४ बाढी र बाउन्ने बुद्धिजीवी

सामाजिक विषयमा लेखिएको यस निबन्धमा बस्तीका बाउने बुद्धिजीवीहरूको आडम्बरले आक्रान्त बनेको बस्तीको यथार्थ चित्रण गरिएको छ । बस्तीका ठूलाबडा भनाउँदाहरूले गाएँका सोभ्ना सिधा जनतालाई विभिन्न विषयमा कुरा लगाएर जनताको हित गर्ने वचन दिने काम गर्छन् । आखिरमा जनहितलाई भन्दा व्यक्तिहितको विषयलाई आड बनाएर जनतालाई ठगी खान पल्केका त्यस्ता बुद्धिजीवीहरू भनाउँदाको उछितो काडिएको छ । यस निबन्धमा वर्षा यामको बाढीमा रमाइरहेको बाल मानसिकतालाई र बाढीको पीडा भाग्ने ती जनताहरूको भावविपरीत काम गर्ने बुद्धिजीवीहरू, ठूलाबडा र भद्रभलाद्मी भनाउँदाहरूको नीचताको आलोचना गरिएको छ । प्राकृतिक प्रकोप बाढीले बस्तीका जनतालाई आक्रान्त पारेको अवस्थामा संवेदनाको भाव व्यक्त गर्नुपर्ने अवस्थामा त्यसको नाममा ठगी खान पल्केका व्यक्तिहरू कसरी पस्छन् त बस्तीमा ? बाढीसँगै बस्तीका केही रातापीरा अनुहार किनारमा देखिन्छन् । तारजाली र बाँध बाँध्ने कुरा हुन्छ । फेरि हुन्छन् तटबन्ध र ठेक्कापट्टाका वादविवाद । कुरा र तर्कले ठाउँ-ठाउँ लिन्छ । हात हालाहाल भएर नाचु नाटक हुन्छ । भद्रभलाद्मीको रोगी चिन्तन देखा पर्छ ... देखा परिरहन्छ (१८२) । व्यङ्ग्यात्मक भए पनि सरल-सहज भाषाशैलीको प्रयोगले निबन्ध सहज रहेको छ ।

#### ३.१.१४.१ निष्कर्ष

सामाजिक विषयवस्तुमा लेखिएको एक सफल निबन्ध हो । गाउँ बस्तीका ठलाबडा भनाउँदाहरूले गाउँका सोभ्नासिधा जनतालाई विभिन्न कुरा लगाएर जनहित गर्ने वचन दिन्छन् । आखिरमा जनहितलाई भन्दा व्यक्ति हितका लागि ठगी खान पल्केका त्यस्ता बुद्धिजीवीहरूको उछितो काडिएको सफल निबन्ध हो । छोटा-छोटा वाक्यको प्रयोग गरिएको सरल, सहज भाषाशैलीको प्रयोगले निबन्ध एकदमै सुन्दर बनेको छ ।

### ३.१.१५ किरियाबाजको दैनिकी

यो सामाजिक निबन्ध हो । किरिया खाएर भने जे कुरा पनि पत्याउने नेपाली जनता र जो पनि किरिया खाएर भ्रमको खेती गर्ने राजनीतिकर्मीहरूको व्यवहारलाई प्रष्टसँग देखाइएको छ । किरिया खाने ठाउँ जहाँ त्यहीँ व्यापार, राजनीति, समाजशास्त्र, चिकित्सा क्षेत्र, शिक्षा, पर्यटन जता पनि हावी भएको देखाइएको छ । त्यसका कारण नेपाली समाजलाई पतन, विश्वासघात, बेइमानी र फुट जस्ता नकारात्मक प्रवृत्ति समाजमा बढ्दै गएको पाइन्छ । मानवको नैतिकता हराउँदै गएको भ्रम र भ्रान्तिको मिथ्या खेती गर्ने प्रवृत्ति दिन प्रतिदिन बढ्दै गएको समाजको विविध पक्षको उजागर गरिएको यो निबन्धमा यहाँ मिथ्या भ्रमको खेती गर्ने किरियाबाज नेताहरूप्रति दह्रो व्यङ्ग्य गरिएको छ । बुर्कुसी मार्नु, हिचकिचाउनु, ब्यूँतनु जस्ता टुक्काका साथै लुखुरलुखुर, हुस्सु, फूई, भुल्नु, जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले गर्दा निबन्ध सुन्दर बनेको छ ।

#### ३.१.१५.१ निष्कर्ष

सामाजिक विषयवस्तुमा लेखिएको यस निबन्धमा राजनीतिक कर्मीप्रति तीखो व्यङ्ग्य गरिएको छ । सिधासोझा नेपाली जनताहरूको सामु जस्तोसुकै किरिया खान पनि तयार हुने तर जनताको सामु खाएको किरियालाई वास्ता नगरी आफ्नो स्वार्थ पूरा गर्नतर्फ लागेको देशको राजनीतिक कर्मीहरूको व्यवहारले कत्तिसम्म नेपाली समाजमा भ्रम र भ्रान्तिको खेती गर्दा रहेछ भन्ने कुराको यथार्थ चित्रण यस निबन्धमा गरिएको छ । व्यङ्ग्यात्मक भए पनि सरल, सहज भाषाशैलीको प्रयोग गरिएकाले निबन्ध भाषिक दृष्टिमा पनि सवल रहेको छ ।

### ३.१.१६ प्रलयको नाम होइन सुनामी

हिमाली तथा पहाडी भेगमा बस्ने बासिन्दा जसलाई डराइडराइ बाँच्नु परेको छ । कति परिवार पहिरोको शिकार भए कत्तिलाई बगायो त्रिशुलीले जसको पीडा र वेदनालाई

निबन्धकारले आफ्नो निबन्धमा कैद गर्न सफल भएका छन् । प्रकृतिको सुन्दर रूपको होइन कठोर क्रूर विध्वंसात्मक र कुरूप पक्षको उद्घाटन गरिएको छ । इन्डोनेसियामा झण्डै दुई लाख मान्छेलाई निल्ने प्रलयकारी सुनामीले शोक र पीडाको सागरमा विश्वलाई डुबायो महाविनासले घटनाका कारण मानिसहरूले सुनामीलाई प्रलयको प्रतीकका रूपमा लिन थाले तर लेखकले त्यसलाई त्यस रूपमा नलिई त्यो मानवले नै निम्त्याएको वातावरण विनाशको प्रतिफल र प्रकृतिको लीलामा आधारित थियो भन्ने विषय प्रस्तुत गरिएको छ । प्रकृतिको यस महाविषादले मान्छेका दर्शनहरूलाई ठेगान लगाइ दिएको छ । 'जीवन जतिसुकै अर्थ र दृष्टिहरूको जञ्जालमा परोस् -समयको व्याख्यान भन्दा अर्को हुँदै होइन' (५७) भन्ने सामाजिक तर्कपूर्ण दृष्टि लेखकको छ । "झण्डै दुई लाख मान्छे मृत्युको मुखमा परेको सन्तप्त यो क्षणमा दुई थोपा आँसु पुछ्ने 'मान्छे मन' बोलेको हुँ म । सुन्दर पृथ्वीलाई चाहिने पनि मान्छे नै हो ।" यसै गरी संसारमा प्रकृतिले ल्याएको कुनै पनि महाविपत्तिमा संसारभरिकै मान्छेहरू प्राकृतिक रूपले मानवीय नातामा अडिएर मानव भई मानवका पक्षमा उभिएर सहयोगका हात बढाउनु पर्छ । त्यस भूकम्प र छालको बबन्डर सुनामीले संसारलाई नै शोकाकूल बनाएको र सुनामीका घाइतेहरूप्रति सहयोग जुटाउन एकीकृत गरेको विश्व बन्धुत्वको मानवीय लहरको चित्र उतार्दै निबन्धकारले मान्छेको कमजोरी र सुन्दरतालाई यस निबन्धमा प्राश पारेको छ । छोटा-छोटा वाक्यको प्रयोगका साथै व्यङ्ग्यात्मक प्रस्तुतिले निबन्ध सफल रहेको छ ।

### ३.१.१६.१ निष्कर्ष

सामाजिक विषयवस्तुमा लेखिएको प्रकृतिको यथार्थ चित्रण गरिएको सशक्त निबन्ध हो । यस निबन्धमा प्रकृतिको सुन्दर रूपको होइन कठोर, क्रूर, विध्वंसात्मक र कुरूप पक्षको उद्घाटन गरिएको छ । प्राकृतिक प्रकोपले दिनरात तहल्का मच्चाउने पहाडी तथा हिमाली प्रदेशका बासिन्दाहरू त्रास, भयमा बाँच्नु परेको स्थिति र कत्तिलाई त पहिरोले शिकार

बनाएको स्थिति छ । नेपालमा मात्र यस्तो रूप नभएर इन्डोनेसियाको आचेप्रान्तमा आएको विनाशकारी सुनामीले दुई लाख जनतालाई डुबायो । यस्ता महाविनाशकारी घटनाका कारण मानिसहरूले सुनामीलाई प्रलयको प्रतीकका रूपमा लिन थाले तर लेखकले त्यसलाई त्यस रूपमा नलिई त्यो मानवले नै निम्त्याएको वातावरणीय विनाशको प्रतिफल र प्रकृतिको लीलामा आधारित थियो भन्ने विषय प्रस्तुत गरिएको छ । छोटा-छोटा वाक्य, सरल सहज भाषाशैली व्यङ्ग्यात्मक प्रस्तुतिको शीर्षक भएको एक सुन्दर निबन्ध हो ।

### ३.१.१७ एक भऱ्याङ्ग पीर

सामाजिक विषयवस्तुमा लेखिएको यो एक मार्मिक निबन्ध हो । समाजमा बढ्दै गएको बली प्रथाको चर्चा गर्दै पशुहरूको अधिकारप्रति संवेदनशील आवाज उठाइएको छ । यस निबन्धमा संस्कृति जोगाउने नाममा निरीह पशुहरूलाई बली दिनु र धर्म कमाउनु कत्तिको न्यायोचित ठहर्छ भन्ने प्रश्न गरिएको छ । सहरका धेरै अनमेल त्रासद बिम्बहरूभित्र काठमाडौँको जीवन्त शब्द चित्र कोरिएको छ । पैसा नभए ऋण गरी-गरी बली दिनैपर्ने कस्तो नेपाली समाज ? पशुको घाँटी रेटेर आफूले गरेको भाकल पूरा हुन्छ त ? खोइ त । पशुको बाँच्न पाउने अधिकार हाम्रो समाजमा ? विकसित देशहरूमा भने पशुको अधिकारको बारेमा नारा घन्किन्छ तर हाम्रो देशमा भने ऋण काढी-काढी पशुको घाँटी छिनाउनै पर्ने यसरी संस्कृति जोगाउने कस्तो प्रथा हो यो ? तलेजु मन्दिरको उचाइबाट देखिने ती विभत्स, विद्रूप र कुरूप यथार्थ यहाँको यथार्थ हो । यस्तै कोलाज जीवन बाँचेको छ आजको सहरिया मान्छेमा यस्तै विविध पीरहरू व्यक्त गरिएको एक सशक्त निबन्ध हो । मान्छेहरूको अधिकारकै ठेगान नहुने देशमा पशुको अधिकारको के मूल्य र महत्त्व हुन्छ भन्ने भाव पोखिएको छ । व्यङ्ग्यात्मक प्रस्तुति भएको साथै छोटा-छोटा वाक्यहरूको प्रयोग जस्तै :- मन्दिर छन् । गजुर छन् । चोक छन् । जस्ता थुप्रै वाक्यहरूको प्रस्तुतिले निबन्ध सुन्दर बनेको छ ।

### ३.१.१७.१ निष्कर्ष

यो निबन्ध सामाजिक विषयवस्तुमा लेखिएको एक मार्मिक निबन्ध हो । नेपाली समाजमा बढ्दै गएको बली प्रथा आफ्नो भाकिल पूरा हुने नाममा पशुको हत्या गर्ने प्रथामाथि झटारो हानिएको छ यस निबन्धमा । निरीह पशुहरूलाई हत्या गरेर भाकिल पूरा गर्नै पर्ने पैसा नभएर ऋण काढी-काढी पशुको घाँटी छिनाउनै पर्ने संस्कृति आफ्नो सन्तानहरूलाई ऋण बोकाएर भाकिल पूरा गर्ने हाम्रो समाजको दुःखद् परिस्थितिको उद्घाटन गरिएको एक सफल निबन्ध हो । यहाँ पशुको अधिकार खोसिएको मान्छे राक्षस जस्तो भएको यथार्थ चित्रण पाइन्छ । सरल, सहज भाषाशैलीमा लेखिएकाले यो निबन्ध एकदमै सुन्दर रहेको छ ।

### ३.१.१८ शर्मीला पार्कर र धानबारी

सामाजिक विषयवस्तुमा लेखिएको यो निबन्धमा संवेदनाहीन सहरिया वृत्तिको चित्रण झल्काइएको छ । विभिन्न समयमा घटिरहने नारी अस्मिताको घटनालाई खुलेर व्यक्त गरिदिने पत्रकार अनि त्यसले निम्त्याएको कठिन परिस्थितिलाई शर्मिला जस्ता पात्रले भोग्नु परेको छ । पत्रकारहरूको लेखन र कवि, लेखकहरूको लेखाइमा कति भिन्नता छ त भन्ने कुरा व्यक्त गरिएको छ । साथै नारी सौन्दर्य, लेखन सौन्दर्य र प्राकृतिक सौन्दर्यबीचको सम्बन्ध खुलाउने प्रयास छ । मानिसहरूको यौवन र उसले अन्यसँग खुलाउने प्रयास छ । मानिसहरूको यौवन र उसले अन्यसँग गर्ने प्रेमको कुरा र कलमको कुराका बारेमा विविध ढङ्गले प्रस्तुत गरिएको यस निबन्धको खास केन्द्रीय कथ्य भने भेटिंदैन, विकेन्द्रित कथ्यहरूले यस निबन्धका कल्पना बिम्बहरूलाई आयामिकता, प्रदान गरेको छ । व्यङ्ग्यात्मक प्रस्तुति रहेको छ । 'तेरो मुखमा दूतभात' जस्ता उखानका साथै छेलोखेलो हुनु । उखुम हुनु । चिमोट्नु जस्ता टुक्काका प्रयोगले निबन्ध सुन्दर बनेको छ ।

### ३.१.१८.१ निष्कर्ष

सामाजिक विषयवस्तुमा लेखिएको यस निबन्धमा समाजमा बेला-बेलामा घटिरहने माया प्रेमका कुरा यौवन र जीवनको कुरा अनि त्यसलाई गलत ठाउँमा प्रयोग गर्दा निम्त्याएका तीता घटनाहरूलाई खुलेर व्यक्त गरिदिने पत्रकारको लेखाइ र कवि लेखकहरूको लेखाइमा कति फरक रहेछ त भन्ने कुरा यस निबन्धमा व्यक्त गरेका छन् । साथै लेखक र पत्रकारबीचको भिन्नता केलाउँदै नारी सौन्दर्य, लेखन सौन्दर्य र प्राकृतिक सौन्दर्यबीचको सम्बन्ध खुलाउने प्रयास गरिएको छ । बीच-बीचमा उखुम हुनु, छेलोखेलो हुनु जस्ता टुक्काका साथै छपक्कै, झ्याप, ढिंड, लोप्पै, कचरमचर जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले निबन्ध भाषिक दृष्टिले पनि सबल रहेको छ ।

## ३.२ राजनीतिक विषयवस्तुमा लेखिएका निबन्धहरू

### ३.२.१ भेटौंला कर्फ्यूमा

यस निबन्धको विषयवस्तु राजनीतिक रहेको छ । २०६२/६३ सालको उन्नाईस दिने जनआन्दोलनको चित्रण गरिएको छ । दशबर्षे जनआन्दोलनमा जनतालाई तातो भूङग्रो खनाएको खप्न नसकेर आखिर सम्पूर्ण देशवासी जनता एकै साथ निरङ्कुशतावादी बन्धन तोड्नका लागि सडकमा उत्रिएका थिए । देश र जनतालाई सुख दिने नाउमा निरङ्कुशतावादीरुले लादेको शासन जनताले सहन नसकेको अवस्था थियो । जनतालाई पशु सरह बाँधेर बली दिए झैं मानवलाई बलिदिने र जनतालाई पिंजडाको चरी झैं थुनेर राख्ने ती निरङ्कुशतावादीहरूले लादेको शासन जनताले सहन नसकेको अवस्था थियो । जनतालाई पशु सरह बाँधेर बलि दिए झैं मानवलाई बलिदिने र जनतालाई पिंजडाको चरी झैं राख्ने ती निरङ्शतावादीहरू कत्तिसम्म जनताको नजरबाट गिर्न सक्दा रहेछन् त । देश निर्माणको ठूलो हात जनतामा हुन्छ भन्ने कुरा थाहा थिएन त ती निरङ्कुशतावादीहरूलाई ! आखिरमा त्यसैको परिणाम हो त्यो उन्नाइस दिने जनआन्दोलन सहनशीलताको सीमा नाघेर पड्किएको विस्फोटन यस्ता यस्ता विष्फोटन नेपालको मानचित्रमा चारैतिर एकै साथ

निस्किएको थियो । नेपाली जनता हातमा हात मिलाएर साथमा साथ मिलाएर एउटा निरङ्कुशतावादीको साङ्लो चुड्याउनका निम्ति अन्त्यमा जनताले उन्नाइस दिनसम्म सिगौरी खेलेर त्यस साङ्लोलाई चुडाएरै छाडे । जनआन्दोलन दुई को नामले चिनिने यस आन्दोलनबाट आफ्नो गुमेको अधिकार, स्वतन्त्रता, थिचिएको संसार, सुतेको समाज मानिस हुने चाहना पूरा गरेरै छाडे । बीच-बीचमा टुक्राहरूको प्रयोग पनि गरिएको छ । जस्तैः- जुर्मुराउनु, अटेसमटेस हुनु, आच्छु-आच्छु हुनु, औंलो ठड्याउनु । थुरथुर हुनु । ताण्डव नृत्य देखाउनु जस्ता टुक्काको प्रयोगले भाषिक दृष्टिमा पनि यी रचना प्रशंसनीय छन् ।

### ३.२.१.१ निष्कर्ष

यो राजनीतिक विषयवस्तुमा लेखिएको व्यङ्ग्यात्मक निबन्ध हो । २०६२/६३ सालको उन्नाईस दिने जनआन्दोलनमा नेपाली जनताहरूले खेप्नु परेको सास्तीलाई यस निबन्धमा देखाइएको छ । दशवर्षे जनआन्दोलनमा जनतालाई निरङ्कुशताको साङ्लोले बाँधेर राखेको स्थितिमा नेपाली जनताले सहन नसकेर एकै साथ त्यस साङ्लोलाई तोड्नका निम्ति नेपाली जनताहरू हातमा हात मिलाएर साथमा साथ मिलाएर एकै साथ सडकमा उत्रिएको थियो । आखिरमा तातिएको जनताले त्यस आन्दोलनलाई तोडेरै छाडे । यसरी उन्नाइस दिने आन्दोलनको यथार्थ चित्रण यस निबन्धमा प्रष्टसँग देखाइएको छ । भाषिक दृष्टिले पनि सरल, सहज भएकाले निबन्ध सुन्दर बनेको छ ।

## ३.२.२ कोत पर्वको दर्शन

राजनीतिक विषयवस्तुमा लेखिएको यस निबन्धमा “नेपाली जनताले अब रगत खोजेको होइन, पसिना खोजेको हो” (१९१) । नेपालको इतिहासमा नेपाली जनताले पटक-पटक रगतको खोला बगाएर सन्त्रासै सन्त्रास विस्तार गरिएको स्थितिप्रति तीव्र गुनासो व्यक्त गरिएको छ । कोत पर्वको कहाली लाग्दो घटना जस्तै यस्ता सयौं घटना घटे द्वन्द्वकालीन समयमा यस्ता घटनाहरूबाट आजित भएको नेपाली जनताले अब रगतको खोला नभएर

पसिनाको खोला बगाउनु पर्छ । यहाँ रगतको सट्टामा पसिना खोजेको हो भन्ने भाव व्यक्त गरिएको छ । छोटा-छोटा वाक्यको प्रयोग गरिएको यस निबन्ध सरल, सहज भाषाशैलीको प्रयोगले यो निबन्ध सुन्दर बनेको छ ।

### ३.२.२.१ निष्कर्ष

राजनीतिक विषयवस्तुको प्रस्तुति रहेको यस निबन्धमा द्वन्द्वकालीन समयमा घटेका घटनालाई प्रस्तुत गरिएको छ । द्वन्द्वकालीन समयमा नेपालमा घटेका कोतपर्व जस्तो सयौं घटनाको सम्झना गर्दै अब यस्ता घटना नघटोस् भन्ने भाव व्यक्त गरिएको छ । नेपालीहरूले त्यस्ता रगतको खोला खोजेको होइन पसिनाको खोला खोजेको हो भन्ने कुरा व्यक्त गरिएको छ । व्यङ्ग्यात्मक प्रस्तुति भए पनि सरल, सहज भाषाशैलीको प्रयोगले निबन्ध बुझ्न सजिलो रहेको छ ।

### ३.२.३ एक हातको ताली

राजनीतिक विषयवस्तुमा लेखिएको सामाजिक यथार्थ बोकेको एक कलात्मक निबन्ध हो एक हातको ताली । यस निबन्धमा नेपालमा भएको पटक-पटकको राजनीतिक परिवर्तन २०३६, २०४६ र २०६३ सालको कटाक्ष चित्रण हो । यस्ता राजनीतिक परिवर्तनमा जनसामान्यको उत्साहजनक सहभागिता रहेको देखिन्छ । जति नै साथ र समर्थन जनाए तापनि यथार्थमा केही नपाएको गुनासाहरू प्रशस्तै पोखिएका छन् । यसका निम्ति न्याङ्रुङे कटुवाल निम्न वर्गीय श्रमजीवि चरित्रका रूपमा देखिएको छ । न्याङ्रुङे  कटुवाल निम्न वर्गीय श्रमजीवि चरित्रका रूपमा देखिएको छ । न्याङ्रुङे कटुवाल काठमाडौँको टुँडिखेलमा सामान्य चिया दोकान चलाएर जीवन निर्वाह गर्दछ । न्याङ्रुङे कटुवाल सारा सोझा सिधा निमुखा निरीह जनताको प्रतिनिधि हो । पटक-पटकको परिवर्तनकारी विचारमाथि आशावादी बनेर सुन्दर भविष्यको परिकल्पनामा ताली पड्काएर समय-समयमा भइरहने राजनीतिक परिवर्तनप्रति समर्थन गर्छ । उनले टुँडिखेलमा एक हातले जिवीका उपार्जनका निम्ति चिया

पकाउँदै र अर्को हातले परिवर्तनका पक्षमा भाषण गर्ने नेताहरूको समर्थनमा ताली पिट्ने गर्दछ । ऊ जस्ता सर्वसामान्य नेपालीहरूले आफ्नो जीवनमा सकारात्मक परिवर्तन होला सुख शान्ति पाइएला भन्ने ठूलो आश बोकेर आफ्नो ज्यानलाई हत्केलामा राखेर आन्दोलनमा उत्रिए, कराए, चिच्याए, परिवर्तनका लागि नाराबाजी गरे । कतिको अङ्गभङ्ग भए, कतिका ज्यान गुमे, कतिको होस गुम्यो आखिरमा यी सबै गुमाए वापत के पाए त ? जनताको त्याग, बलिदानको सट्टामा खोक्रो आश्वासन मात्र पाए । यसरी जनतालाई भेडो बनाएर फाइदा लुट्नेहरूको भ्रष्ट मनोवृत्तिको सशक्त उद्घाटन यसरी गर्छन् - “आज टुँडिखेलमा बोल्ने आवाजहरू पसेका छन् महलतिर । ती झण्डाहरू गहनामा जडिएर आभूषण भएका छन् । नाराहरू गीत भएका छन्” (१२१) । सरल, सहज भाषाशैलीको प्रयोगका साथै अक्क न बक्क हुनु जस्ता टुक्काको प्रयोगले निबन्ध सुन्दर बनेको छ ।

### ३.२.३.१ निष्कर्ष

राजनीतिक विषयवस्तुमा लेखिएको यस निबन्धमा पटक-पटक बदलिरहने राजनीतिक स्थितिको बारेमा चित्रण गरिएको छ । यस्ता राजनीतिक परिवर्तनमा जनसामान्यको उत्साहजनक सहभागिता रहेको देखिन्छ । त्यसको प्रत्यक्ष पात्र न्याङ्रुङ्गे कटुवाल हुन् । उसले काठमाडौंको टुँडिखेलमा एक हातले चिया बेच्दै र अर्को हातले राजनीतिककर्मीहरूको भाषणलाई समर्थन जनाउँछ । उसले यस्ता समर्थन पटक-पटकको राजनीतिक परिवर्तनमा गरे । ऊ सम्पूर्ण जनमानसको प्रतिनिधिको रूपमा देखिएको छ । जनताले जतिसुकै साथ र समर्थन जनाए पनि आखिरमा जनताले केही नपाएको गुनासाहरू पोखिएको एक सशक्त निबन्ध हो । सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ । झम्टुँला, चरक्क, फर्र, जालेमाले, पटटट, झिंगटी, हुन्डरी जस्ता ठेट नेपाली भाषाको प्रयोगले निबन्ध सुन्दर बनेको छ ।

### ३.२.४ टाउको पर्वको स्रोता

यो निबन्ध राजनीतिक विषयमा आधारित रहेको छ । द्वन्द्वकालीन समयमा माओवादी र राज्यपक्षले मच्चाएको नरसंहारको त्रासदीयतालाई विषय बनाएको छ । नेपाली जनताहरू अझसम्म पनि युद्ध, द्वन्द्व, हिंसा र मुठभेडबाट टाढा रहन नसकेको अवस्थालाई केलाएको छ । मान्छेले मान्छेको नरसंहार गर्न पाउनु नै विजय ठान्ने संस्कृतिको विकास भइरहेको त्यस समयमा नेपालीहरूको दिनचर्या त्यही नरसंहारका समाचार सुनेर र गनेर बितिरहेको थियो । भाडा धुने हातहरू बन्दूक सफा गर्न र एम्बुस जोड्नमा सक्रिय थिए । अछुत मानिएकाहरू मान्छे टुक्र्याउने कलामा दक्ष बनिरहेका थिए । यसरी नै देश दुवैतर्फबाट हारिन्थ्यो । यसरी नेपालमा द्वन्द्व, युद्धको भयावह वातावरणबीच स्वतन्त्रता खोजिएको निष्ठुरता बढेको अनि सिङ्गो देशभरि मानव संवेदनाशून्य परिस्थिति तयार भएकोमा तीखो असन्तोष, असहमति, आक्रोश, आलोचना र असह्य आघात पोख्छन् । यी सबै दुःखद् घटनाहरू आफ्नै ठान्ने निबन्धकार आफ्नो मन टक्राटुक्रा भएको टाउकाहरूको रासमा स्तब्धले चुलिएको आफ्नो मन समाज र व्यक्तिको दिनचर्यादेखि अत्यन्तै दुःखी बनेको छ । यस्तैमा भन्छन् " भाइका टाउका जोरेर तीनचक्के चुलोमा कसरी खिर पकाएर खान सक्छु म ?" (१६७) । यस्ता घटना नेपाली इतिहास र साहित्यकै एक दुःखद् नमुना हो । निबन्धको ठाउँ-ठाउँमा आच्छु-आच्छु हुनु, छ्याल्लब्याल्ल हुनु । थुमथुम्याउनु, जस्ता टुक्काको प्रयोगले निबन्ध अझ सुन्दर बनेको भाषिक दृष्टिले पनि यो निबन्ध एकदमै सुन्दर बनेको छ ।

#### ३.२.४.१ निष्कर्ष

राजनीतिक विषयवस्तुमा लेखिएको यस निबन्धमा द्वन्द्वकालीन समयमा राज्यपक्ष र माओवादी पक्षले मच्याएको नरसंहारको त्रासदीलाई प्रस्तुत गरिएको छ । त्यस समयमा दुई पक्षबीच मच्चीएको युद्ध, द्वन्द्व, आतंक, नरसंहारका समाचार सुनेर र गनेर समय बिताइरहेको अवस्था थियो । भाडा धुने हातहरू एम्बुस जोड्नमा सक्रिय थिए । अछुत भनाउँदाहरू मान्छे टुक्र्याउने कलामा दक्ष बनिरहेका थिए । यसरी द्वन्द्वकालीन समयको

मान्छेको गतिविधिलाई राम्ररी केलाईको एक सफल निबन्ध हो । निबन्धमा पित्को, ह्वात्तै, लुटुपुटु, फूईं, टम्म, भसक्कै, टपटप, उगाल, जस्ता ठेट नेपाली शब्दको प्रयोगले निबन्ध सुन्दर बनेको छ ।

## ३.३ सांस्कृतिक विषयवस्तुमा लेखिएका निबन्धहरू

### ३.३.१ धराहरामा लेफराइट

ऐतिहासिक स्तम्भ धरहरा चढ्दा लेखकको मनमा उब्जिएको त्रास र लोकहर्षित अनुभूति पोख्दै इतिहासलाई स्मरण गरिएको एक उत्कृष्ट निबन्ध हो । धरहरा ऐतिहासिक स्तम्भ मात्र नभएर काठमाडौँको थरिथरिको दृश्य हेर्ने स्तम्भ पनि हो । नेपाल निर्माणको हरेक पाटोमा ऐतिहासिक घटना रहेको पाइन्छ । त्यस्तै धरहराको इतिहास पनि राष्ट्रनिर्माता भिमसेन थापासँग जोडिएको छ । भिमसेनको दुःखद् अन्त्यसँगै धरहरा चढ्दाको अनुभूति यस निबन्धमा उल्लेख गरिएको पाइन्छ । यस स्तम्भले भिमसेनको स्मरण मात्र होइन यहाँ चढेर हेर्दा विचित्रको दृश्यहरू देख्न पाइनछ । सहरिया आनन्दको दृश्य मात्र नभएर काठमाडौँको फोहर उत्ताउलो, भड्किलो जीवनशैली, सडक जिन्दगानी भित्रभित्रै फस्टाएको कुरूप यौवन संस्कति, विकृति, विसंगतिलाई पनि प्रवाहपूर्व ढङ्गमा व्यक्त गरिएको छ । हामीले हाम्रो पूर्खाको पसिनालाई चिन्नुपर्छ । उनीहरूले बगाएको रगतको खोला समर्पण गरेको जीवनको मोल मूल्यलाई सम्मान गर्नुपर्छ । यसरी हामीले ऐतिहासिक व्यक्तित्वहरूलाई सदा सम्मान गर्न जान्नुपर्छ भन्ने सन्देश दिएको छ । छपक्क, चर्लप्प, तुलबुल, डङ्गुर, थपक्क, हुटहुटी, ठ्याम्मै, टक्क, भ्याइँकुटी, कर्कै जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले निबन्ध सुन्दर बनेको छ ।

### ३.३.१.१ निष्कर्ष

सांस्कृतिक विषयवस्तुमा लेखिएको यस निबन्धमा धरहरा चढ्दाको लेखकको अनुभव र ऐतिहासिक स्तम्भका बारेमा वर्णन गरिएको छ । भीमसेनको दुःखद् अन्त्यसँगै धरहरा चढ्दाको अनुभूति यस निबन्धमा उल्लेख गरेको पाइन्छ । भीमसेनको स्मरण मात्र नभएर यस निबन्धमा धरहरा चढेर हेर्दा देखिने विभिन्न गतिविधि प्रष्ट देखिन्छ । सहरिया आनन्दको दृश्य मात्र नभएर त्यहाँ देखिने उत्ताउलो, भड्किलो जीवनशैली, सडक जिन्दगानी भित्रभित्रै फस्टाएको विकृति, विसंगतिलाई पनि प्रवाहपूर्ण ढङ्गमा व्यक्त गरिएको छ । छोटा-छोटा वाक्यको प्रयोग गरिएको छ । जस्तैः- माकुराका जालैजाल, ध्वाँसैध्वाँसा । अनेक तर्ल्याङ्तुर्लुङ । एकदमै भिन्न । भीड छ । लामो लर्कन छ । जस्ता वाक्यहरूको प्रयोगले निबन्ध सुन्दर बनेको छ । साथै छपक्क, थपक्क, कर्के, टक्क, डङ्गुर जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले निबन्ध अझ सुन्दर बनेको छ ।

### ३.३.२ कोरसमा एउटा स्वर

सांस्कृतिक विषयवस्तुमा लेखिएको यस निबन्धमा शहरमा बढेको अनेकथरी भीडले गर्दा सहरी सभ्यता र संस्कृति लोप हुँदै गएको सन्देश व्यक्त गरिएको छ । गाउँबासीहरू गाउँ छाडी सहर पसेको सहर पसे तापनि सहरमा रहेको अर्थशून्य भीडैभीड देखेर वाक्क भएको नेपालीहरूको मनोदशालाई व्यक्त गरिएको छ । सहरिया सभ्यताको खोक्रो आडम्बर, संवेदनाहीनता, जीवनमूल्यको क्षय, नैतिक मूल्यशून्य, बेइमान, अश्लील, बिलासी, चरम स्वार्थले गर्दा सहरिया संस्कृति हराउँदै गएको यथार्थ चित्रण गरिएको छ । आजको मान्छे यिनै यथार्थ परिस्थितिमा बाँचिरहेको जता हेरे पनि भीडैभीड, आर्यघाटमा लासको भीड, घरखेत बेचेर खाडी मुलुक गएका नेपालीको लासको भीड, सुनको बाकस ल्याउने आशामा विदेश गएका नेपाली आफै बक्सामा कोचिएर फिर्नु परेको अवस्था छ । यसरी अनेकौं भीडहरूले गर्दा सहरिया सभ्यता र संस्कृति हराउँदै गएको विरानोपन र त्रासदी बिम्बहरू उतारेको एक सफल निबन्ध हो । काव्यात्मक भाषाको प्रयोग गरिएको छ । जस्तैः- बिहानका

केस्रा-केस्रामा । मध्यान्हका हाँगा-हाँगामा । पूर्वाह्न र अपरान्हका पत्रपत्रमा । त्यस्तै घन्चमन्च, ह्वास्स, अटेसमटेस, गुजुमुज्ज, कठै, टुप्लुक्क जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले निबन्ध सुन्दर बनेको छ ।

#### ३.३.२.१ निष्कर्ष

सांस्कृतिक विषयवस्तुमा लेखिएको यस निबन्धमा विभिन्न किसिमको भीडैं-भीडले गर्दा काठमाडौँ सहरको संस्कृति हराउँदै गएको स्थितिको चित्रण गरएको छ । सहरिया संस्कृतिको आडम्बर, संवेदनहीनता, जीवनमूल्यको क्षय, सङ्गतिहीनता, कुरूपता, विद्रूपता र एक्लोपन तथा विरानोपन बाँचिरहेको आजको मान्छेको यथार्थ चित्र खिचिएको छ । कोक्याउनु, वाक्कव्याक्क हुनु, धज्जी उडाउनु जस्ता टुक्काको प्रयोग गरिएको छ साथै टुप्लुक्क, छपक्कै, कठै, भ्वास्स, गुजुल्टो जस्ता ठेट नेपाली शब्दको प्रयोगले निबन्ध एकदमै सुन्दर बनेको छ ।

### ३.४ नयाँघरेका समग्र निबन्धहरूको निष्कर्ष

नयाँघरेको निबन्धको अध्ययन गरिसकेपछि के थाहा हुन्छ भने उनका निबन्धका विषयवस्तु भिन्न-भिन्न प्रवृत्तिको रहेको पाइन्छ । कुनै एउटा विषयमा मात्र उनका निबन्धहरू केन्द्रित छैनन् । नेपाली निबन्धका फाँटमा छुट्टै पहिचान बनाइसकेका नयाँघरेले सामाजिक, राजनीतिक, ऐतिहासिक, सांस्कृतिक यौन र प्रणयका विषयवस्तुमा आधारित भएर निबन्धहरू लेखेका छन् । साहित्यका विविध विधामा कलम चलाए पनि विशेष योगदान निबन्ध विधामै रहेको पाइन्छ । आधुनिक नेपाली निबन्ध लेखनका क्षेत्रमा अग्रणी भूमिका खेल्न पुगेका नयाँघरे युवा पुस्ताका थुप्रै निबन्धकारहरू माझ चर्चित हुन पुगेको पाइन्छ । उद्देश्यका दृष्टिले हेर्दा उनका निबन्धहरू सुरुदेखि हालसम्मका निबन्धहरू पढ्दा खासै फरक

पाउन सकिँदैन । उनका निबन्धका उद्देश्य भनेकै समाजलाई परिवर्तन गर्नु र सामाजिक, आर्थिक उन्नति गर्नु नै मूल उद्देश्य रहेको देखिन्छ । भाषाशैलीका दृष्टिले हेर्दा उनको निबन्धमा काव्यात्मक शैली र छोटा-छोटा वाक्य, सरल शब्द प्रयोग गरी लेखिएका यिनका निबन्धहरू पहिलेका र अहिलेका भाषामा फरक गरेर छुट्याउन सकिँदैन ।

कुनै पनि साहित्यकार साहित्य सिर्जना गर्ने क्रममा अन्य लेखकहरूबाट थोर बहुत प्रभावित भएको पाइन्छ । त्यसै क्रममा नयाँघरे पनि विदेशी र स्वदेशी दुवै साहित्यकारदेखि प्रभावित भएको पाइन्छ । विदेशी साहित्यकारहरूमा एन्टोन चेखब, ओडेन डब्लु, एच र सेक्सपियर जस्ता साहित्यकारबाट प्रभावित भएको देखिन्छ भने स्वदेशी साहित्यकारहरूमा लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने, पारिजात, कृष्ण धरावासी, माधव पोखरेल आदि साहित्यकारहरूबाट प्रभावित भएको देखिन्छ । उनको सिर्जनामा आफ्नै वरिपरिका समसामयिक परिवेश चिन्तन, बुद्धि र तर्कका माध्यमबाट निबन्ध सिर्जना गरी नेपाली साहित्यमा भिन्न व्यक्तित्व भएर अगाडि बढ्का छन् । जीवनलाई एक पाटाबाट मात्र नहेरी चारैतिर अर्थात् लम्बाइ, चौडाइ, उचाइ र गहिराईबाट हेर्नुपर्छ भन्ने धारणा उनले आफ्ना निबन्धहरूमा अभिव्यक्त गर्ने गरेका छन् ।

नयाँघरेका निबन्धमा विभिन्न प्रयोगहरू पाउन सकिन्छ । गद्य कवितात्मक शैलीमा रूपायित नयाँघरेका निबन्धहरू स्वयम्मा काव्यशैलीका बान्कीमा लेखिएको पाइन्छ । अत्यन्त सूक्ष्म र सानो विषय लिएर पनि त्यसलाई खेलाएर तन्काउन सक्ने क्षमता पनि यिनमा रहेको देखिन्छ । झर्रा र ठेट नेपाली शब्दहरूको सुन्दर संयोजन उनको निबन्धमा प्रयोग भएको पाइन्छ । यिनका निबन्धहरूमा कुनै एउटा सग्लो विषयवस्तु वा घटनाको चित्रण नभई जीवनका असङ्गत, विसङ्गत प्रयोग तर्फ अगाडि बढेको देखिन्छ । उदाहरणमा 'अठार हजार जाबो' त्यस्तै 'कोत पर्वको दर्शक' र 'ध्वाँसोमुखि डेरिडा' निबन्ध बिम्बमा परिणत गरिएको छ । जसले यथार्थ भावना उद्वेलित गर्न खोजिरहेको देखिन्छ । नयाँघरेका हरेक निबन्धमा कुनै न कुनै नयाँ कुरा प्रस्तुत गर्न मै उद्वत देखिन्छन् । यस कारणले गर्दा नयाँघरेलाई प्रयोगवादी निबन्धकारका रूपमा पनि हेर्न सकिन्छ ।

युवराज नयाँघरेका निबन्धहरू कल्पित कथावस्तुमा नभई हाम्रै देश, समाज, राष्ट्र र भूगोलका विषयहरूमा आधारित भएर निबन्धहरू सिर्जना भएका हुन्छन् । देशप्रेमी नयाँघरेले जुन ठाउँको भ्रमण गर्न जान्थे त्यस ठाउँको वस्तुस्थितिलाई राम्ररी केलाएर आफ्नो निबन्धमा प्रस्तुत गर्दछन् । आफ्नो देश, समाजको वस्तुस्थितिलाई राम्ररी चित्रण गरी त्यसले समाज सुधारको चाहना राखेको हुन्छ । देशको भौगोलिक स्थिति त्यहाँको रहनसहन, सामाजिक जीवनका साथै ठाउँको वस्तुस्थितिको समेत जीवन्त प्रस्तुति यिनका निबन्धहरूमा पाउन सकिन्छ । यसका उदाहरणका रूपमा 'सडक स्वाद', 'पैराको धावा', 'धने बौलाहा र डिस्को', 'भेटौंला कर्फ्यूमा' जस्ता निबन्धहरूलाई लिन सकिन्छ । उनका निबन्धहरूमा समाजका मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको समेत चित्रण गरिएको हुन्छ । राष्ट्रले भोगेको अवस्था र राष्ट्रियता जोगाउने नाममा नेपालीहरूको पहिचान गुम्ने खतराप्रति सचेत रहन यिनका निबन्धहरू लेखिएका छन् । राष्ट्रिय निर्माणका क्रममा नेपालीहरूले आफ्नो पहिचान नै गुमाउन पुगेको अवस्थाका साथै अन्तर्राष्ट्रिय परिवेशले नेपाललाई गरेको अन्य अत्याचार हैकमवादी प्रवृत्तिको चित्रण उ्नको निबन्धमा व्यक्त हुनु पनि उनको पहिचान नै हो । नयाँघरे जहाँ-जहाँ जान्छन् त्यस ठाउँमा केन्द्रित भएर निबन्ध लेख्छन् । यात्रामा देखेका, सुनेका, भोगेका र आफूले गरेको ठाउँको वस्तुस्थितिको चित्रण गरी कलात्मक ढङ्गले आफ्ना विचारहरू प्रस्तुत गरेका हुन्छन् । निबन्ध लेखनको सुरुवातमा नै यात्रा गर्दाको विविध घटना र समय यिनका निबन्धहरूमा पाउन सकिन्छ । त्यसकारण उनका निबन्धहरूमा नियात्रापरक शैलीको प्रस्तुति भएको पाइन्छ ।

एक हातको ताली' निबन्ध सङ्ग्रहभित्र सङ्ग्रहीत तेइसवटा निबन्धहरूका लामाछोटा चर्चाबाट नयाँघरेका निबन्धगत प्रवृत्तिहरू खुल्छन् । एक हातको ताली भित्रका निबन्धहरू युगीनता वा समकालीन चेतनाका दृष्टिले निकै प्रभावित छन् । उनी समसामयिक युग, विश्व र देशका पदचापहरूलाई निबन्धका विषयवस्तु बनाउँछन् । उनका 'प्रलयको नाम होइन सुनामी', 'जय माया अर्थात् नेपालीहरू' जस्ता निबन्धमा अन्तर्राष्ट्रिय विषयको घेरो पाइन्छ । विश्वचेतनाको रेखाङ्कन भेटिन्छ । वर्तमान समय र युगको विश्वस्तरको व्यथाको उद्घाटन देखिन्छ । राष्ट्रिय परिवेशभित्र विषयवस्तु चयन गर्दा सबभन्दा बढी राजनीतिक

विषयले स्थान पाएका छन् । अझ त्यसमा पनि द्वन्द्वजन्य परिणति सन्त्रास, पीडा, रक्तमय परिवेश, मृत्युमय जीवन आदि अनेकौँ चेतनाको पीडाबाट आहात परिस्थिति र आक्रान्त मनोदशालाई यी निबन्धहरूमा प्रस्तुत गरिएको छ । राष्ट्रिय परिवेशभित्र विषयवस्तु चयन गर्दा सबभन्दा बढी राजनीतिक विषयले स्थान पाएका छन् । 'तिम्रो घरमा देवता', 'भेटौंला कर्फ्यूमा', 'एक हातको ताली', 'टाउको पर्वको स्रोता', 'किरियावाजको दैनिकी' र 'कोतपर्वको दर्शक' नेपालको समकालीन राजनीतिको सजीव चित्र उतार्ने निबन्धहरू हुन् । यीमध्ये केहीमा युद्ध साहित्यको उत्कृष्ट अभिव्यक्ति पाइन्छ । यसैभित्र अभिघात लेखन पनि भेटिन्छ । यिनका 'एक हातको ताली बेजोड छ ।

सहरिया जीवनका यावत असहिष्णुता प्रवृत्ति एक्लो सङ्गतिहीनता त्रासदी चित्र, जटिल जीवन, त्यहाँ भित्रका अभाव, दुर्गन्ध गरिबी, फोहर, छलछदम आदि यावत नकारात्मकताहरूको यथार्थ चित्र यस सङ्ग्रहका कतिपय निबन्धहरूमा रहेका छन् । ती निबन्धहरू 'पुलमुनिको घर', 'सडक स्वाद', 'एक हातको ताली' आदि निबन्धहरू यस दृष्टिले अभावपूर्ण देखिन्छन् ।

उपेक्षित जीवनका मर्मस्पर्शी 'पीडा खोतल्ने सामाजिक विषयवस्तु नयाँघरेका निबन्धमा पाइने महत्त्वपूर्ण आधार छन् । 'पैराको धावा', 'धने बौलाहा र डिस्को' हाम्रो समाजका असमानता तिरस्कार अमानवीयता व्यवहारका छविचित्र देखाउने निबन्ध हुन् । नारीप्रति सम्मान भाव नारी विद्रोही नारीमाथि हुने अत्याचारको विरोध जस्ता लैङ्गिक चेतनालाई समेट्ने निबन्धहरू पनि यस सङ्ग्रहभित्र छन् । 'चुराको छलाङ' र 'सुनचुराको दान दिन' निबन्ध पर्दछ ।

मानव अस्तित्व, प्रतिभा र सिर्जना नारीपुरुषको सहयात्रा सहरी सभ्यता र संस्कृति, पर्यावरणीय र प्राकृतिक विषय आदिले पनि विषयवस्तु बनेर अभिव्यक्त हुने अवसर पाएका छन् । यस्ता विषय समेट्ने निबन्धहरू 'सट्टापट्टा', 'धरहरामा लेफराईट', 'जिउँदाको कुरा काट्दै', 'करिसमा एउटा स्वर', 'एक भऱ्याङ्ग पिर', 'अठार हजार जाबो', 'शर्मिला पार्कर र धानबारी', 'बाढी र बाउन्ने बुद्धिजीवी आदि पर्दछन् ।

नयाँघरेका निबन्धमा विषयगत प्रस्तुतिलाई हेर्दा उत्तर आधुनिकतावदको विविध चेतना भेटिन्छ । 'पुलमुनिको घर'मा हेर्दा यथार्थवाद 'प्रलयको नाम होइन सुनामी', 'पैराको धावा' र 'बाउने बुद्धिजीवीमा' पर्यायवरणीय लेखन पाइन्छ । 'ध्वाँसोमुनि डेरिडा' र 'जयमाया अर्थात् नेपालीहरू'मा विनिर्माणवादी र विधाभञ्जन वा विपन्नका चेतना पाइन्छन् । त्यसैले उनको निबन्धहरू उत्तर आधुनिकतावादी लेखनका बलिया नमुना समेत बनेका छन् । युद्ध साहित्यमा पर्ने निबन्धहरूमा अभिघात सिद्धान्तको प्रयोग भेटिन्छ । यात्रामा आधारित निबन्धहरूमा यात्रा साहित्यको छाप भेटिन्छ ।

नयाँघरेको 'एक हातको ताली' निबन्ध सङ्ग्रहमा सङ्ग्रहीत निबन्धका विषयवस्तु मात्र नौला र विविधतामय छैनन् । भाषाशैली र शिल्प संरचना पनि नवीन छन् । नयाँघरेका सबैभन्दा ठूलो पहिचान उनको शैली हो । यही शैलीको कारण उनको आफ्नो छुट्टै पहिचान बनाउन सफल भएका छन् । उनको शैली काव्यात्मक छ । उनका निबन्ध पढ्दा लयदार गद्यकविताको शक्ति उत्पन्न भए झैँ लाग्दछ । उनको छोटा-छोटा वाक्य नै कवितामय छ । उनको निबन्धमा अनुच्छेदहरूमा कविता र गीतका पङ्क्ति जस्तै पोखिनु अनौपचारिक ढङ्गले प्रस्तुत हुन आत्मपरकता मै प्रकटिनु बिम्ब र प्रतीकका भावको गहिराइ साथ देखिनु निश्चित विचारसूत्र वा विचार बिन्दूमा अडिदै-अडिदै वृत्ताकारीय वा चक्रीय गतिमा बेगिनु कथ्यको नजिकको शब्द प्रयोगमा रक्तिनु अर्थलाई फुकाउने सन्दर्भको विस्तारमा फैलिई पाठकले नै बुझ्ने गरी प्रवाहित हुनु ध्वन्यात्मक र व्यञ्जनात्मक भाषाको प्रयोगद्वारा व्यङ्ग्यार्थमा बुझिनु विचारका पुनरावृत्तिद्वारा निबन्धको सङ्गठन वा संरचनालाई कसिलो तुल्याइरहनु र कविता, कथा, गीत आदि जस्तो भान हुने गरी निबन्धहीन निबन्धको ढाँचा दिनु निबन्धकार नयाँघरेका भाषाशैली तथा शिल्प संरचनागत वैशिष्ट्य हुन् । अझ कथ्य रूपमा ठेट नेपाली शब्द, पदावलीको प्रयोगले निबन्धलाई पूरै अनौपचारिक बनाएको छ । दर्शन भनेको लेखकको विचार वा दृष्टिकोण हो त्यसैले दर्शन विनाको रचना वा कृति हुँदैन । यस भित्रका प्रत्येक निबन्धमा कुनै न कुनै दर्शन पाइन्छ तर त्यो दर्शन नभएर व्यावहारिक आदर्शको दर्शन हो । यस कृतिमा कृतिकार यावत कुराहरूको तटस्थ दर्शक छ । यही नै उनको नेपाली निबन्ध परम्परामा देखापर्ने निजत्व हो । मौलिक चिनारी हो । पृथक पहिचान हो ।

# परिच्छेद-चार

# उपसंहार

## ४.१ उपसंहार

युवराज नयाँघरेको जन्म वि.सं. २०२६ साल असोज १९ गते इलाम जिल्लाको शुक्रबारे गाउँमा भएको थियो । उनको जन्म इलाममा भए पनि प्रारम्भिक शिक्षा चाहिँ झापा जिल्लाबाट भएको थियो । कक्षा ९ देखि एस.एल.सी.चाहिँ मोरङ जिल्लाबाट भएको थियो । त्यसपछि उच्च शिक्षा काठमाडौँको विभिन्न कलेजबाट भएको पाइन्छ ।

साहित्यप्रति सानैदेखि झुकाव राख्ने नयाँघरेले आफ्नै आमाले गुनगुनाउने गुणरत्नमालाका पङ्क्तिहरूबाटै प्राप्त गरेका हुन् । स्कुल पढ्दाखेरि स्कुलका विभिन्न साहित्यिक कार्यक्रममा भाग लिन्थे र शिक्षकहरूको प्रोत्साहन र प्रेरणाकै कारण अझ अगाडी बढ्ने हौसला मिल्यो । दस वर्षको उमेरबाट नै कविता लेख्न सुरु गरेका नयाँघरेले २०४२ सालमा काठमाडौँ आएपछि भने कविताका साथ साथै निबन्ध, गजल पनि लेख्न सुरु गरे । उनले लेखेका कृतिहरू रेडियोमार्फत् पनि प्रसारण हुन थाले त्यसले अझ उनको साहित्यप्रतिको रुचि बढेर आयो । देशमा प्रजातन्त्रको प्राप्तिपछि खुलेर साहित्यिक रचनामा लाग्न पाउनु प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा साहित्यका प्रखर व्यक्तिसँग नयाँघरेको सम्बन्ध बढ्दै जानुले उनका स्रष्टा व्यक्तित्व मुखरित हुँदै गएको पाइन्छ ।

दस वर्षको उमेरदेखि साहित्य सिर्जना गर्न थालेका नयाँघरेको चालीसको दशकदेखि भने रेडियो नेपालको साहित्य संसार र हाम्रो संस्कृति नामक कार्यक्रमबाट प्रसारण हुनका साथै विभिन्न पत्रपत्रिकाहरूमा उनका रचना प्रकाशन हुन थाले । यही क्रममा वि.सं. २०५४ सालमा नयाँघरेले संवेदनाका स्वरहरू संयुक्त लेखनको निबन्धसङ्ग्रह प्रकाशन गरे । त्यसपछि भने उनको औपचारिक रूपमा साहित्यिक यात्रा अगाडि बढ्न थालेको पाइन्छ । उनी निबन्धकार तथा नियात्राकारका रूपमा अघि बढे पनि उनका कविता, गीत, गजल,

समालोचकीय दृष्टिकोण आदि समेत गरिमा, साप्ताहिक, मिर्मिरे जस्ता पत्रपत्रिका मार्फत् प्रकाशित भएका छन् । उनका प्रकाशित कृतिहरूमा निबन्धतर्फ सात वटा छन् भने नियात्रा तर्फ २ वटा पुस्तक प्रकाशित भइसकेको छ ।

युवराज नयाँघरे लेखनमा मात्र नभएर विभिन्न सामाजिक सङ्घसंस्थाहरूमा आवद्ध भएर समेत सेवा गरिरहेकका छन् । यसका साथसाथै उनले विभिन्न व्यक्ति सङ्घसंस्थाहरूबाट थुप्रै शीर्षकमा मानसम्मान पाएको देखिन्छ । उनको नेपाली निबन्ध 'एक हातको ताली'मा मदन पुरस्कार (२०६५) समेत प्राप्त गरिसकेका छन् । त्यस्तै अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज उत्कृष्ट पुरस्कार (२०६२), जस्ता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार समेतले सम्मानित नयाँघरे नेपाली साहित्यका अथक सादक नै हुन् । परिवर्तनशील व्यक्तित्व नयाँघरे नेपाली निबन्ध तथा नियात्रा परम्पराका बौद्धिक व्यक्तित्व तथा उज्ज्वल नक्षेत्र हुन् । सादा जीवन उच्च विचारलाई आदर्श बनाएका नयाँघरे साहित्य सिक्न र साहित्यका माध्यमले सिकाउन हरदम सक्रिय रहन्छन् । बौद्धिकता, वैचारिकता, आत्मपरकता र भाषिक प्रयोगमा समेत सफल नयाँघरे पूर्वीय तथा पाश्चात्य ज्ञान, विज्ञान र दर्शनका अध्ययनशील व्यक्तित्वका रूपमा समेत परिचित छन् । सरल मिष्टभाषी सहृदय, आत्मीय मिजासका नयाँघरेलाई प्रेरणाको स्रोतका प्रतिभा समेत मान्न सकिन्छ ।

नयाँघरेको निबन्धको अध्ययन गरिसकेपछि के थाहा हुन्छ भने उनका निबन्धका विषयवस्तु भिन्न, भिन्न प्रवृत्तिका रहेका छन् । नयाँघरेका निबन्धमा विभिन्न प्रयोगहरू पाउन सकिन्छ । उनका निबन्धहरू गद्य कवितात्मक शैलीका बान्कीमा लेखिएको पाइन्छ । अत्यन्त सूक्ष्म र सानो विषयलाई लिएर पनि त्यसलाई खेलाउन तन्काउन सक्ने क्षमता पनि यिनमा रहेको देखिन्छ । झर्रा र ठेट नेपाली शब्दहरूको सुन्दर संयोजन उनको निबन्धमा प्रयोग भएको पाइन्छ । यिनका निबन्धहरूमा कुनै एउटा सग्लो विषयवस्तु वा घटनाको चित्रण नभई जीवनका असङ्गत विसङ्गत प्रयोगतर्फ अगाडि बढेको देखिन्छ । नयाँघरेका हरेक निबन्धमा कुनै न कुनै नयाँ कुरा प्रस्तुत गर्न नै उद्वत देखिन्छन् ।

यस कारणले गर्दा नयाँघरेलाई प्रयोगवादी निबन्धकार पनि भन्न सकिन्छ ।

युवराज नयाँघरेका निबन्धहरू कल्पित कथावस्तुमा नभई हाम्रै देश, समाज, र भूगोलका विषयहरूमा आधारित भएर निबन्धहरू सिर्जना भएका हुन्छन् । देशप्रेमी नयाँघरेले जुन ठाउँको भ्रमण गर्न जान्थे त्यस ठाउँको वस्तुस्थितिलाई राम्ररी केलाएर आफ्नो निबन्धमा प्रस्तुत गर्दछन् । आफ्नो देश, समाजको वस्तुस्थितिलाई राम्ररी चित्रण गरी त्यसले समाज सुधारको चाहना राखेको हुन्छ । देशको भौगोलिक स्थिति त्यहाँको रहनसहन, सामाजिक जीवन साथै ठाउँको वस्तुस्थितिको समेत जीवन्त प्रस्तुति यिनका निबन्धहरूमा पाउन सकिन्छ । यसका उदाहरणका रूपमा 'सडक स्वाद', 'पैराको धावा', 'धने बौलाहा र डिस्को', 'भेटौंला कर्फ्यूमा' जस्ता निबन्धहरूलाई लिन सकिन्छ । उनका निबन्धहरूमा समाजका मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशको समेत चित्रण गरिएको हुन्छ । राष्ट्रले भोगेको अवस्था र राष्ट्रियता जोगाउने नाममा नेपालीहरूको पहिचान गुम्ने खतराप्रति सचेत रहन यिनका निबन्धहरू लेखिएका छन् । साथै अन्तर्राष्ट्रिय परिवेशले नेपाललाई हुन सक्ने हानीप्रति पनि सजग रहनु यिनी निबन्धका माध्यमबाट आग्रह गर्दछन् । राष्ट्रिय निर्माणका क्रममा नेपालीहरूले आफ्नो पहिचान नै गुमाउन पुगेको अवस्थाका साथै अन्तर्राष्ट्रिय परिवेशले नेपाललाई गरेको अन्य अत्याचार हैकमवादी प्रवृत्तिको चित्रण उनको निबन्धमा व्यक्त हुनु पनि उनको पहिचान नै हो । नयाँघरे जहाँ-जहाँ जान्छन् त्यस ठाउँमा केन्द्रित भएर निबन्ध लेख्छन् । यात्रामा देखेका, सुनेका, भोगेका र आफूले यात्रा गरेको ठाउँको वस्तुस्थितिको चित्रण गरी कलात्मक ढङ्गले आफ्नो विचारहरू प्रस्तुत गरेका हुन्छन् । निबन्ध लेखनको सुरुवातमा नै यात्रा गर्दाको विविध घटना र समय यिनका निबन्धहरूमा पाउन सकिन्छ । त्यसकारण उनका निबन्धहरूमा नियात्रापरक शैलीको प्रस्तुति भएको पाइन्छ ।

एक हातको ताली निबन्धसङ्ग्रहभित्र सङ्ग्रहीत तेइस वटा निबन्धहरूको प्रस्तुति निम्न तरिकाले पाउन सकिन्छ । आत्मप्रकटीकरण, निजात्मकता र यथातथ्यको प्रस्तुति, वैयक्तिक, सामाजिक र सामाजिक क्षेत्रमा देखिएका विसङ्गति र विद्रूप यथार्थको प्रस्तुति मानवीय जीवनको मूल्यहीनता, उपेक्षा र संवेदनाहीनताको अभिव्यक्तिका साथै जीवनमूल्यको खोजी, मान्छेका वैयक्तिक र मनोगत कमजोरीप्रति व्यङ्ग्य सशस्त्रयुद्धजन्य परिवेश र

परिणतिको दारुण चित्रण, काठमाडौँ सहरको कुरूपता, नग्नता, विद्रूपता र त्रासद स्थितिको यथातथ्य अभिव्यक्तिको प्रस्तुति रहेको छ ।

प्रत्येक निबन्धको सुरुवात छोटा वाक्यबाट भएको छ । निबन्धको पहिलो र अनिवार्य शर्त भनेको निजात्मकता र आत्मप्रकटीकरण हो र यो असल निबन्धको कसी पनि हो । त्यो कसी यस निबन्धसङ्ग्रह भित्रका निबन्धहरूमा पाइन्छ । त्यसैले पनि उनको यस सङ्ग्रह भित्रका निबन्धहरूको आन्तरिक र बाह्य संरचना कसिलो देखिन्छ । अत्यन्तै सूक्ष्म विषयलाई लिएर आफैलाई पात्र बनाएर र अरू पात्रहरूलाई आफैभित्र समाहित गरेर पनि सबैका अनुभूति, भोगाइ तथा आत्मप्रकटीकरणलाई साधारणीकरण गरेर कलात्मक किसिमले प्रस्तुत गर्ने कलाका कारण यस सङ्ग्रहका निबन्धका सामान्य र साना विषयले पाठकमा अनौठो प्रभाव पार्दछ । प्रत्येक निबन्धका अन्तर्वस्तु र त्यसभित्रका केन्द्रीय र परिधीय विषयको पृथकता छ ।

नयाँघरेका प्रत्येक निबन्धको शीर्षक नै व्यङ्ग्यात्मक रहेको छ । व्यङ्ग्यात्मक प्रस्तुति उनको परिचय हो । उनको यस सङ्ग्रहभित्रका सबै निबन्धहरू आत्मपरक शैलीमा लेखिएको छ । उनले अरूको मानकको अनुकरण गरेर नलेखी स्वयम् मानक लेखनकला निर्माण गरेका छन् । उनले पुरानो सीमा नाघी मनको कम्पनलाई कथात्मक शैलीमा प्रस्तुत गर्छन् । 'ध्वाँसोमुनि डेरिडा'मा उनको मनको कम्प हो । लेख्दै जाँदा 'डेरिडा' लेखक हैन पात्र हो । युवराज बुद्धिले र बलले लेख्दैनन् उनी मनले लेख्छन् । हृदय संवेद्य भएर लेख्छन् र जे लेख्छन् त्यो उनको मनको कुरा लेख्छन् । सशक्त बिम्बात्मक भाषामा लेख्छन् । त्यसको उदाहरण हुन् - सकेसम्म धूँवा फालेर कुदेको छ गाडीले, (अठार हजार जाबो), परेलीले नथेग्ने आँसुको भेल, (तिम्रो घरमा देउता), अनाचारीको ओठ सिउन तयार छौँ, (भेटौंला कर्फ्यूमा) जस्ता थुप्रै बिम्बहरूको प्रयोग गरिएका छन्, उनका निबन्धभित्र । उनको भाषा व्यञ्जना शब्दशक्तिले ओतप्रोत भएका छन् । उनको प्रत्येक निबन्धको शीर्षक नै व्यञ्जना रहेको छ । सूक्ति, आह्वान आदिले निबन्धको भाषालाई व्यञ्जनपूर्ण बनाउँछ । यसको प्रयोग प्रशस्त भएको छ । जस्तै :- हाँसे गाला च्यातेर, (अठार हजार जाबो), सम्बन्ध, सम्बोधन र शृङ्खलाहरू खबरका काला आकृति हुन् , (तिम्रो घरमा देउता), धन्य रहेछ स्वतन्त्रता पुग्ने

लोक हृदय, (भेटौंला कर्फ्यूमा), किरिया खाइ दिएपछि दनियाँ पत्याउँछ (किरियावाजको दैनिकी), बर्मा गए कर्मसँगै नेपाल गए कपालसँगै , (जयमाया अर्थात् नेपालीहरू) आदि थुप्रै व्यङ्ग्यात्मक रहेका छन् । उनले प्रयोग गरेका नेपाली झर्रा र विशुद्ध नेपाली शब्दहरूले नयाँ पुस्ताका पाठक रोमाञ्चित हुने छन् । छोटा-छोटा वाक्यहरूको प्रयोग, सङ्क्षिप्त कथन, साङ्केतिक आशय उपमेय, सौन्दर्य कवितात्मक उक्ति र यी सबैको निजीकरणमा प्रस्फूरित मौलिक व्यक्तित्व हुन् नयाँघरे । एक हातको ताली भित्रका निबन्धहरूमा प्रयोग भएका उखान टुक्का जस्तै :- हानेको भन्दा ताकेको दुख्छ बेस्सरी , (अठोर हजार जाबो), मलाई सिस्नु पानी लाए जस्तै भो, (अठार हजार जाबो), साँगामा हेरी पाँगामा हराउनु), (तिम्रो घरमा देउता), चोरलाई चौतारो र साधुनलाई शूली (सुनचराको) दान दिए), सुनारको सयचोट भन्दा लोहारको एक चोट (सुनचुराको दान दिए) जस्ता थुप्रै उखान र इन्तु न चिन्तु हुनु, औंलो ठड्याउनु, आच्छु-आच्छु हुनु, गम खानु, उकुसमुकुस हुनु, भूटभूटिनु, कोक्याउनु, हुरुक्क हुनु जस्ता उखान टुक्काहरूले निबन्ध अझ सुन्दर र रमाइलो बनेको छ । लयात्मक गद्य कविताको गुण हो । त्यही काव्यात्मक शैलीमा लेखिएका छन् ती निबन्धहरू । उनको निबन्ध पढ्दा लयदार गद्य कविता पढेको झैं लाग्छ । महंगो युगमा महासस्तो मान्छेको मूल्य ... झिंजामिजा भएका छन्, सपनाका शृङ्खलाहरू । ... बिहानको अर्थ साँझमा मर्छ र साँझको शब्द मर्छ बिहानै ... मान्छेको मूल्य अठारहजार ... । यी शब्द । पदावली । वाक्यमा मिठास छ, भाव छ, त्यसैले कवितात्मकता छ । सहरिया जीवनका यावत असहिष्णुता प्रवृत्ति एक्लो सङ्गतिहीनता त्रासदी चित्र । जटिल जीवन त्यहाँ भित्रका अभाव, दुर्गन्ध र गरिबी, फोहर र छलछदम आदि यावत नकारात्मकताहरूको यथार्थ चित्र यस संग्रहका कतिपय निबन्धहरूमा रहेका छन् । ती निबन्धहरू 'पुलमुनिको घर', 'ध्वाँसोमुनि डेरिडा', 'सडक स्वाद', 'एक हातको ताली' आदि निबन्धहरू यस दृष्टिले अभावपूर्ण देखिन्छन् ।

उपेक्षित जीवनका मर्मस्पर्शी पीडा खोतल्ने सामाजिक विषयवस्तु, नयाँघरेका निबन्धमा पाइने महत्त्वपूर्ण आधार हुन् । 'पैराको धावा', 'धने बौलाहा र डिस्को' हाम्रो समाजका असमानता, तिरस्कार, अमानवीय व्यवहारका छविचित्र देखाउने निबन्ध हुन् ।

नारीप्रति सम्मान भाव, नारी विद्रोह नारी माथि हुने अत्याचारको विरोध जस्ता लैङ्गिक चेतनालाई समेट्ने निबन्धहरू पनि यस सङ्ग्रहभित्र छन् । 'चुराको छलाङ' र 'सुनचराको दान दिए' निबन्ध पर्दछ ।

मानव अस्तित्व, प्रतिभा र सिर्जना नारीपुरुषको सहयात्रा सहरी सभ्यता र संस्कृति, पर्यावरणीय र प्राकृतिक विषय आदिले पनि विषयवस्तु बनेर अभिव्यक्त हुने अवसर पाएका छन् । यस्ता विषय समेट्ने निबन्धहरू 'सट्टापट्टा', 'धरहरामा लेफराइट', 'जिउँदाको कुरा काट्दै', 'कोरसमा एउटा स्वर', 'एक भऱ्याङ्ग पीर', 'अठार हजार जाबो', 'शर्मिला पार्कर र धानबारी', 'बादी र बाउन्ने बुद्धिजीवि' आदि पर्दछन् ।

नयाँघरेका निबन्धमा विषयगत प्रस्तुतिलाई हेर्दा उत्तर आधुनिकतावादको विविध चेतना भेटिन्छ । पुलमुनिको घरमा हेर्दा यथार्थवाद 'प्रलयको नाम होइन सुनामी', 'पैराको धावा' र 'बाउने बुद्धिजीविमा' पर्यावरणीय लेखन पाइन्छ । 'ध्वाँसामुनि डेरिडा', 'जयमाया अर्थात् नेपालीहरू'मा विनिर्माणवादी र विधाभञ्जन वा विपठनका चेतना पाइन्छन् । त्यसैले उनका निबन्धहरू उत्तर आधुनिकतावादी लेखनका बलिया नमुना समेत बनेका छन् ।

# सन्दर्भग्रन्थ सूची

(क) **पुस्तकहरू**


आचार्य, कृष्णप्रसाद, **शोधविधि, सिर्जना र संस्कृत काव्यशास्त्र**, कीर्तिपुर : क्षितिज प्रकाशन, २०६४ ।

उपाध्याय, केशवप्रसाद, **साहित्यप्रकाश**, ललितपुर : साझा प्रकाशन, (छैठौं संस्करण), २०५९ ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल, **नेपाली नाटक, एकाङ्की र निबन्ध**, काठमाडौँ : एम.के. पब्लिसर्स एण्ड डिष्टिब्यूटर्स, २०६१ ।

त्रिपाठी, वासुदेव, **विचरण,** काठमाडौँ : भानु प्रकाशन, २०२८ ।

देवकोटा, लक्ष्मीप्रसाद, **लक्ष्मी निबन्धसङ्ग्रह,** ललितपुर : साझा प्रकाशन, २०६० ।

पोखरेल, माधवप्रसाद, **नयाँघरेका निबन्ध मेरा आँखामा**, (निलडाम) काठमाडौँः बगर फाउन्डेसन नेपाल, २०६१ ।

भट्टराई, गोविन्दराज, **उत्तरआधुनिक ऐना,** काठमाडौँ : रत्नपुस्तक भण्डार, २०६२ ।

……………………, **उत्तरआधुनिक विमर्श,** काठमाडौँ : मोर्डन बुक्स, २०६४ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय,** चौ.स.काठमाडौँः रत्नपुस्तक भण्डार, २०६३ ।

शर्मा मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद, **शोधविधि,** काठमाडौँ : साझा प्रकाशन, २०५२ ।

……………………, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,** (दो.सं.) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

श्रेष्ठ, दयाराम, र शर्मा, मोहनराज, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,** (पाँचौं.सं.),ललितपुर, प्रकाशन, २०५६ ।

सिंह, विष्णुबहादुर, **नीलडामको भूमिकालेखन**, काठमाडौँ : बगर फाउन्डेसन, २०६१ ।

सुवेदी, राजेन्द्र, **स्रष्टा सृष्टि, द्रष्टा दृष्टि,** (दो.सं.), काठमाडौँः साझा प्रकाशन, २०४३ ।

………………………, **स्नातकोत्तर नेपाली निबन्ध,** (ते.सं.), काठमाडौँः पाठ्यसामग्री पसल, २०५६ ।

(ख) पत्रिकाहरू

कार्की, छत्र 'कवितात्मक निबन्धहरू' **समय**, (वर्ष १, अङ्क २५, २०६१ असोज २१) ।

कोइराला, अश्विनी, कान्तिपुर साप्ताहिक, वि.सं.२०६१ का चर्चित पुस्तकहरू, **कान्तिपुर**, (वर्ष १२), अङ्क २, २०६२, वैशाख २) ।

गोर्खाली, रमेश, 'कसलाई गरुँ नमस्कार निबन्धमा राजनीतिक नैराश्यताको केन्द्रीयता' **महामण्डल**, (वर्ष १, पूर्णाङ्क ३, २०६५ माघ, फागुन, चैत) ।

गौतम, डा. लक्ष्मणप्रसाद, 'एक हातको तालीमा चेतनाको पीडा' **गरिमा**, (वर्ष २८, अङ्क ४, २०६६)

घिमिरे, 'गगन' विष्णु, 'निबन्धहरूको सँगालो' **मधुपर्क**, (वर्ष ३८, अङ्क ३, पूर्णाङ्क ४३४, २०६२ साउन) ।

थापा, अशोक, 'एकै हातले ताली बजाए नयाँघरेले', **पुस्तकालय आवाज**, (वर्ष २, अङ्क ३, २०६६) ।

बराल, विभोर, एक हातको तालीमा खँदिलो बाली', **तन्नेरी डटकम**, (वर्ष १, अङ्क ६, ०६६) ।

मिश्र, डिल्लीराम, 'नयाँघरेको नीलडाम', **गरिमा,** (वर्ष २३, अङ्क ३, पूर्णाङ्क २६७, २०६१ फागुन) ।

मैनाली, युवराज, 'नीलडाम भित्रका नयाँघरे' **मिर्मिरे,** (वर्ष २६, अङ्क २, पूर्णाङ्क २६१, २०६४ जेष्ठ) ।

लुइँटेल, खगेन्द्रप्रसाद, युवराज नयाँघरेको निबन्धकला **गरिमा** (वर्ष २१, अङ्क ११, पूर्णाङ्क २५१, २०६० कार्तिक) ।

वस्ती, विवश, 'युवराजको नीलडाम' **सम्बोधन,** (वर्ष ९, अङ्क ७, २०६२ मंसीर ३) ।

विवश, ज्ञानेन्द्र, 'निबन्धमा फड्को एक हातको ताली' **मिर्मिरे**, (वर्ष ३८, अङ्क ६, २०६६) ।

सुवेदी, झलक, 'मुलुकको छातिमा देखिएको नीलडाम' **नेपाल**, (वर्ष ५, अङ्क २, २०६१ पुस १८) ।

**शोधग्रन्थहरू**


कोइराला, जगन्नाथ, **कुलचन्द्र कोइरालाको निबन्धकारिताको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग, २०५८ ।

दाहाल, लक्ष्मण, **एब्स्ट्रयाक चिन्तन प्याज निबन्धसङ्ग्रहको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग, २०६० ।

पाण्डे, गोमा, **अनाम पहाडमा फनफनी नियात्राको कृतिपरक अध्ययन,** स्नातकोत्तर शोधपत्र, त्रि.वि. रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग, २०६६ ।

पाण्डेय, डिल्लीप्रसाद, **श्यामप्रसाद शर्माको निबन्धकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०५४ ।

पोखरेल, राजन, **युवराज नयाँघरेको निबन्धकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०६६ ।

पौडेल, रघुनाथ, **बालकृष्ण पोखरेलको निबन्धकारिता,** स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, २०५१ ।